# लेटाङ नगरपालिकाको आ.व.०७८/०७९ को

# सामाजिक परीक्षण प्रतिवेदन

## लेटाङ नगरपालिकाको कार्यालय
## लेटाङ, मोरङ




**प्रस्तुतकर्ता**
रकेबाटीन मिडिया प्रा.लि.
बिराटचोक, मोरंग


# नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा



# मोरङ जिल्लाको भौगोलिक नक्सा



# लेटाङ नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, लेटाङ, मोरङ




# लेटाङ नगरपालिकाको भौगोलिक नक्सा
## लेटाङ नगरपालिको कार्यालय
### लेटाङ, मोरङ, प्रदेश नं १

# हाम्रो भन्नु,

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धि व्यवस्था कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय तह बिचको सहकार्य, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गरी जन–सहभागिता, उत्तरदायित्व, र पारदर्शिता सुनिस्चित गरी सुलभ र गुणस्तरीय सेवाप्रवाह गर्न लोकतन्त्रका लाभहरूको समानुपातिक समावेशी र न्यायोचित वातावरण सिर्जना गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरूप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक  शासन प्रणालीलाई स्थानीय तह देखि नै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिका कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले, **लेटाङ नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि २०७७** लागू गरि नेपालको राजनैतिक कालखण्डमा सधैं चर्चामा रहेको मोरंग जिल्लामा रहेको यस नगरपालिका विविध सम्भावना बोकेको क्षेत्र हो । प्रदेश नं. १ अन्तर्गत मोरङ जिल्लाको उत्तरी  भागमा पर्ने यस नगरपालिकाको क्षेत्रफल २१९.२३ वर्ग कि.मि. छ । नेपाल सरकारले नगरपालिकाहरुको पुनसंरचना गर्दा साविक लेटाङभोगटेनी न.पा.का वडा नं. २, ३, ४, ५, ६, ७, ८, ९, १०, र ११, साविक वारङ्गि गा.वि.स का  १ देखि ९ वडा, र साविक जाँते गा.वि.स.का वडा नं. १, २, ५, ६, ७, ८ र ९ लाई समावेश गरी लेटाङ नगरपालिका निर्माण गरिएको हो । यस नगरपालिकामा हाल ९ वटा वडाहरू कायम गरिएका छन् । यस लेटाङ नगरपालिकाले स्थानीय नागरिकहरुको नगरपालिका प्रति भएको सकारात्मक सोच सँगै पूर्वमै  सम्भावना बोकेको नगरपालिका भएबाट सामाजिक जिम्मेवारी निर्वाहको पाटोमा समेत यो नगरपालिका स्थापित हुनपर्ने कुरामा दुई मत नै छैन ।

स्थानीय तहको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रकृयालाई मार्गदर्शन गर्नु यस कार्य विधिको उद्देश्य रहेको देखिन्छ । लेटाङ नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७७, भूमिका) । यसले स्थानीय तहले सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने सम्मको व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरूप लेटाङ नगरपालिकाको आ.व. २०७८/०७९ को सामाजिक परीक्षण सम्पन्न गरिएको छ । यस संस्थालाई दिइएको जिम्मेवारी पुरा गर्ने क्रममा यस नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, इन्जिनियर, लेखा प्रमुख, विषयगत शाखा (स्वास्थ्य शाखा, कृषि शाखा, पशुपंक्षि विकास शाखा, रोजगार शाखा, शिक्षा शाखा, सामाजिक विकास उपशाखा, राजश्व उपशाखा) फाँटमा कार्यरत कर्मचारी मित्रहरूको अमूल्य सुझाव, सल्लाह र सहयोग प्राप्त भएको छ । तसर्थ उहाँहरू लाई संस्थाको तर्फबाट हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं । यस नगरपालिका क्षेत्रमा निर्वाचित जनप्रतिनिधीहरु, दलका प्रतिनिधी तथा समाज सेविहरुले दिएको अमूल्य सुझाव र सर-सल्लाह प्रति समेत हामी आभारी छौं । साथै यस लेटाङ नगरपालिकाको सामाजिक परिक्षणका लागि खटिनु भएका यस संस्थाका सबै कर्मचारीहरु प्रति समेत हामी आभारी बन्दै आ.व. २०७८/०७९ को सामाजिक परिक्षण प्रतिवेदन लेटाङ नगरपालिकामा प्रस्तुत गर्दछौं ।

**रकेबाटीन मिडिया प्रा.लि.**
**सुन्दरहरैंचा, मोरङ**

# अनुसूची-२
## (दफा १० को उप दफा ३ संग सम्बन्धित)

### १. लेटाङ नगरपालिकाको परिचय

ईशापूर्व प्रथम शताब्दीमा किराँत राजाहरुले कोशी नदी पूर्वको भूभागलाइ आफ्नो कर्म क्षेत्र बनाएको थिए । राज्य संञ्चालनका क्रममा कालान्तरमा यहाँ हाङ नामक किरातीँ राजाले राज्य संञ्चालन गरेको इतिहास पाइन्छ । उक्त अवधिको प्रशासनिक क्षेत्रलाई 'मावराङ्ग' भनिन्थ्यो । मावराङ्ग शब्द अप्रभंश भई पछि मोरङ भन्न थालिएको हो भन्ने किम्वदन्ती छ । पूर्वाञ्चलकै एतिहासिक गौरव बोकेको मोरङ जिल्ला नेपालको औधोगिक एवं जनसङख्याका हिसाबले दोस्रो ठूलो जिल्लाको रुपमा परिचित छ । २०६८ सालको जनगरणना अनुसार मोरङको जनङ्संख्या ९ लाख ७५ हजार ३७० छ । जिल्लामा ८ गाँउपालिका ,९ नगरपालिका ,६ प्रतिनिधिसभा निर्वाचन क्षेत्र र १२ प्रदेशसभा निर्वाचन क्षेत्र रहेको मोरङको क्षेत्र नं १ मा पर्ने लेटाङ नगरपालिका अन्य भन्दा भिन्न छ ।

### ऐतिहासिक पृष्ठभूमि

लेटाङ नगरपालिकाको क्षेत्र प्राचिन समयमा धिमालहरुको राजधानी थियो । खास गरी लेटाङ बजारको पश्चिममा रहेको चिसाङ खोला तरेपछि केही उत्तर तिर जादा पुगिने राजरानी पोखरी भएको ठाँउमा धिमाल राजाको दरबार थियो भन्ने किबदन्ति छ । त्यसैले यस क्षेत्रका पूराना बासिन्दाहरु भनाई अनुसार धिमाल भाषाबाट लेटाङ नाम रहन गएको भनाई छ । यहाँका आदिबादीहरुमा धिमाल जाति पनि पर्दछन् । लेटाङको नामकरण धिमाल भाषाको लेटा शव्दबाट भएको मानिन्छ । प्राचिन धिमाल भाषामा लेटोको अर्थ पहाडबाट झरेको समथर भूभाग भन्ने हुन्छ । राजारानी पोखरीको डाँडाबाट हर्दा हालको लेटाङ पहाडसगँ जाडिएको  समथर भूभाग देखिन्छ । त्यसैले त्यसलाई धिमालहरुले लेटो भन्ने त्यति बेला लेटा जङ्गलले भरिएको थियो । त्यही बेलाको लेटा शव्द उच्चारण गर्दै जाँदा कालान्तरमा अपभ्रंश भई लेटाङ भएको हनुपर्दछ । त्यही आधारमा त्यस भूमिलाई लेटाङ भन्ने गरियो र त्यही लेटा अहिले लेटाङ बनेको हो भन्ने बुझाई छ । लेटाङ नगरपालिका क्षेत्रको एतिहासिक पृष्ठभूमी खोजी गर्दा यो क्षेत्र प्राचिन प्राग्योतिष राज्य भित्र पर्दथ्यो । पछि गएर यसबाट मत्स्यदेश अलग हुँदा लेटाङ भेग मत्स्यदेशमा पर्न पुग्यो । यदाकदा मिथिला र किराँतीहरुको अधिनमा पर्ने तथा यस भेगमा स्थानिय शासकले शासन गर्ने कार्य गर्दै पछि यो क्षेत्र मुरेहांगको मोरङ भित्र पर्यो । यसैगरी विजयपुर राज्यको स्थापना भएपछि भने लेटाङ क्षेत्र विजयपुरकै अधिनमा रह्यो ।

तत्कालीन समयमा लेटाङ क्षेत्रलाई घना जङ्गलले ढाकेको थियो भन्ने गरिन्छ । यहाँका नदी किनारा भागमा केही जातजातिका मानिसहरुका स-साना बस्तीहरु थिए । घना जङ्गलका कारण मानिसले खोला या नदीको किनाराभाग तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । लेटाङ भेगमा बेलाबेलामा पाइने पुराना बसोबासका अवशेषहरुले यसै कुराको संकेत गरेका छन् । लेटाङको आसपासमा यस्ता पुराना थुप्रै प्रकारका अवशेषहरु पाइएका छन् । तिनिहरु कतिपय नासिएका छन् भने कतिपय अझ सम्म पनि उजागर हुन सकेका छैनन् ।

मोरङको विजयपुरमा विजयनारण पछि पाल्पाली सेनराजा लोहांगसेनले कब्जा गरेपछि भने यो भेग पाल्पाली सेनहरुको अधिनमा पर्न पुग्यो । तत्काल पाल्पाली सेन राज्य विभाजन हुदा नारायणी पूर्वको मकवानपुर  लोहांगसेनले पाएको हुनाले यो भेग पनि मकवानपुर भित्र पर्यो । यसै हरीहर सेनका नाति विधता इन्द्रसेनले मकवानपुर बाट विजयपुरलाई अलग्गै राज्य बनाएको हुँदा लेटाङ लगायतका स्थान विजयपुरको अभिन्न अङ्ग बन्न पुग्यो । सेनकाल भन्दा अघि नै लेटाङको सिमा भन्दा केही पश्चिम उत्तरमा रहेको कसेनीमा धनपाल नामका एक जना रजौटाले शासन गर्दथे । तिनको राजधानी र दरबारका अवशेषहरु अहिले  पनि रहेका छ । यसलाई स्थानिय मानिसहरुले संरक्षण गरेर राखेका छन् ,जसलाई धनपालगढीका नामले चिनिन्छ । कालान्तरमा धनपाल रजौटाको पतन भयो । धनपालको राज्य विजयपुरमा गाभियो । यता विजयपुर पनि स्थानिय रजौटाबाट सेनहरुको अधिनमा परेको देखिन्छ । वि.स १८३१ मा पृथ्वीनारण शाहले नेपालको एकीकरण गरेसगैं यो भूभाग पनि बृहत्तर नेपालमा गाभिएको पाइन्छ ।

वि.स २०१८ मा नेपाललाई १४ अञ्चल ७५ जिल्लामा विभाजन गरेदेखि नै हालको लेटाङ नगरपालिकाले ओगटेको क्षेत्र मोरङ जिल्लाको उत्तरी भागका रुपमा रहन पुग्यो । वि.स २०७१ सालमा लेटाङ र भोगटेनी गा.वि.स नगरपालिका बनाइयो । नेपालको संविधान २०७२ ले अङ्गीकार गरेको संघीय गणतन्त्र नेपालको राज्य पूनसंरचना गर्दा स्थानिय तह पूनसंरचना सुझाव आयोगको प्रतिवेदन २०७३ अनुसार साविक लेटाङ भोगटेनी नगरपालिकाको १ नं. वडा बाहेक सबै जाते गाँउ विकास समीति १,२,५,६,७ र ९ वडाहरु र वारङ्गी गाउँ विकास समितिको सम्पूर्ण वडाहरुलाई मिलाएर वि.स २०७३/११/२७ मा लेटाङ नगरपालिका बनाइएको हो ।

## कसरी पुगीन्छ लेटाङ बजार

हवाइ यात्रा गर्दा काठमाडौ देखि ३० देखि ३५ मिनेटमा विराटनगर विमान स्थाल पुगिन्छ । विराटनगर बाट २ वटा सुविधा सम्पन्न सडक मध्ये कुनै रोज्न सकिन्छ । विराटनगरबाट पुष्पलाल चोक ,झोराहाट हुदै विराटचोक ,बेलवारी हुँदै जाने हो भने ४९ किलोमिटर पार गर्नुपर्छ । पुष्पलालचोक -विराटचोक सडक अहिले फोरलेनको बन्दै गरेको छ । निर्माण पूरा भएसगैं लेटाङ जानलाई यो सडक सबैभन्दा छोटो र छिटो पनि हनेछ । विराटनगरबाट इटहरी हुदै जाने हो भने ५७ किलोमिटर पार गर्नु पर्छ । विराटनगर - इटहरी - विराटचोका - बेलबारी हुदै कानेपोखरी बजार भन्दा पूर्वतर्फ रहेको कालोपत्रे सडक बाट उत्तर लागेपछि लेटाङ पुग्न सकिन्छ । कानेपोखरीबाट लेटाङ बजार सम्मको दुरी ८ किलोमिटर छ । यहाँ जान सार्वजानिक यतायत र भाडाका अन्य साधन सहजै पाइन्छ । यसरी विराटनगरबाट लेटाङ बजार पुग्न करिब डेढ घण्टा लाग्छ ।

काठमाडौंबाट सडक यातायतमा इटहरी हुदैं लेटाङ बजार जाने हो भने ३९७ किलोमिटर यात्रा गर्नुपर्छ । यात्रा अवधि ८ देखि १० घण्टा सम्म हुनेछ । काटमाडौबाट सिधै लेटाङ बजार जाने साधन नपाइए झापाको काकडभिट्टा जाने साधनमा आएर कानेपोखरीमा ओर्लनुपर्छ । त्यहाँबाट ८ किलोमिटर यात्राका लागि सार्वजानिक बस, टचाक्सी, टेम्पो जस्ता सवरी साधन सहजै पाइन्छ । लेटाङ बजारमा बस्नका लागि सुविधा सम्पन्न होटलहरु पनि उपलब्ध छन् ।

**भौगोलिक अवस्थिति**

लेटाङ नगरपालिका २६° २०' देखि २६° ५३' उत्तरी अक्षांश र ८७° १६' देखि ८७° ४१' पूर्वी देशान्तरमा अवस्थित रहेको छ । लेटाङ नगरपालिकाको पूर्व तर्फ मिक्लाजुङ्ग गा.पा ., पश्चिम तर्फ केराबारी गा.पा. , उत्तर धनकुटा जिल्ला तथा दक्षिण तर्फ मोरङकै पथरीशनिश्चरे/बेलवारी नगरपालिका तथा कानेपोखरी गा.पा पर्दछ। लेटाङ नगरपालिकाको केन्द्र लेटाङ बजार हो। मोरङ जिल्लाको सदरमुखकाम विराटनगर देखि पूर्व उत्तरतर्फ ४९ किलोमिटरको दुरीमा पर्दछ । लेटाङ नगरपालिका नक्सामा हेर्दा उत्तर दक्षिण लाम्चो रहेको छ । लेटाङ नगरपालिकामा हाल ९ वटा वडाहरु रहेका छन् । यसको निर्माण गर्दाको समयको संरचना यस प्रकार रहेको छ :–

१. वडा नम्बर १ :- साविक लेटाङभोगटेनी नगरपालिकाको वडा नम्बर २,३ र ४ लाई मिलाएर ।

२. वडा नम्बर २ :- साविक लेटाङभोगटेनी नगरपालिकाको ५ र ६ नम्बर वडालाई मिलाएर ।

३. वडा नम्बर ३ :- साविक लेटाङभोगटेनी नगरपालिकाको वडा नम्बर ७ मात्र ।

४. वडा नम्बर ४ :- साविक लेटाङभोगटेनी नगरपालिकाको वडा नम्बर ८ मात्र ।

५. वडा नम्बर ५ :- साविक लेटाङभोगटेनी नगरपालिकाको वडा नम्बर ९ र १० मिलाएर ।

६. वडा नम्बर ६ :- साविक लेटाङभोगटेनी नगरपालिकाको वडा नम्बर ११ मात्र ।

७. वडा नम्बर ७ :- साविक बारङ्गी गाविसको १ देखि ९ नम्बर वडाहरु मिलाएर ।

८. वडा नम्बर ८ :- साविक जाँते गाविसको १,२,५,६ र ७ नम्बर वडालाई मिलाएर ।

९. वडा नम्बर ९ :- साविक जाँते गाविसको ८ र ९ नम्बर वडालाई मिलाएर ।

लेटाङ नगरपालिकाको कार्यालय पुग्नका लागि जिल्लाको सदरमुकाम विराटनगरबाट उत्तर इटहरी वा पुष्पलालचोकबाट विराटचोक हुदै कानेपोखरी र त्यसबाट उत्तर तर्फ ८ किलोटिरको दुरीमा पर्दछ । यस नगरपालिकामा तराई भूभाग तथा बाह्रमास चिसो हुने महाभारत पर्वत श्रेणी समेत पर्दछ । भौगोलिक विषमता यस नगरपालिकाको मुख्या विशेषता हो । मोरङ जिल्लाको एक महानगरपालिका र आठ नगरपालिकाहरु मध्ये पहाडी भू-भागलाई समेत समेटेर यो नगरपालिका बनेको छ । तराई क्षेत्र हुदै महाभारत पर्वतश्रेणी सम्म फैलिएको यस नगरपालिकाको भू-उपयोगको अवस्थामा अधिंकाश भूभाग कृषी क्षेत्र र वनले ओगटेको छ। वि.स २०६८ सालको जनगरणना अनुसार यस नगरपालिकाको जनसंङ्ख्या ३२०५३ जना रहेका छन् । यसको क्षेत्रफल २१९.२३ वर्ग कि.मि रहेको छ । यहाँको जनघनत्व १४६ जना जनसंख्या प्रतिवर्ग किलोमिटर रहेको छ । हाल लेटाङ नगरपालिकाले नगरप्रोफाइलका निम्ति गरिएको स्थलगत सर्वेक्षण अनुसार यस नगरपालिकामा ७९७७ घरधुरी र जनसंख्या ३८१४६ रहेको देखिन्छ । हाल जनघनत्व प्रति वर्ग किलोमिटर १७३.९९ भएको छ । यस आधारमा विश्लेषण गर्दा लेटाङ नगरपालिका मोरङ जिल्लाका नौ नगरपालिकाहरु मध्ये सबै भन्दा कम जनसंख्या र कम जनघनत्व भएको नगरपालिकामा पर्दछ। लेटाङ नगरपालिकाले मोरङ जिल्लाको कुल जनसंख्या ९६५४३० को ३.३२ प्रतिशत अंश र कुल क्षेत्रफल १८५५ वर्ग किलोमिटरको ११.८२ प्रतिशत भूभाग ओगटेको छ ।

## १. राजनैतिक तथा प्रशासनिक सिमाना

| | |
|---|---|
| पूर्वतर्फ : | मिक्लाजुङ्ग गाउँपालिका |
| पश्चिमतर्फ : | केराबारी गाउँपालिका |
| उत्तरतर्फ : | धनकुटा जिल्लाको चौविसे गाउँपालिका |
| दक्षिणतर्फ : | पथरीशनिश्चरे नगरपलिका,बेलबारी नगरपालिका र कानेपोखरी गाउँपालिका |

## २. राजनैतिक तथा प्रशासनिक विभाजन

| | |
|---|---|
| निर्वाचन क्षेत्र नं. : | १ |
| वडाहरु | ९ वटा |
| जिल्ला : | मोरङ |
| प्रदेश नं. : | एक (ख) |

## ३. भौगोलिका अवस्था र उपयोग तथा क्षेत्रफल

| | | |
|---|---|---|
| भौगोलिक अवस्थाः | पहाड र भावर प्रदेशको समतल | |
| क्षेत्रफलः | २१९.२३ वर्ग कि.मी. | |
| कृषि कर्मी : | ८० प्रतिशत | |
| गैरकृर्षिकर्मी : | २० प्रतिशत | |
| तापक्रम | ४.९ देखि ३६ डिग्री | |
| एक दिनको वर्षा (बढीमा) | ८४ मिलिमिटर | |
| ४. जनसंख्या | २०६८ साल | २०५८ |
| घरपरिवरको संख्या : | ७३३९ | |
| कुल जनसंख्या : | ३२०५३ | ३०१४२ |
| पुरुष : | १४३५० | १४३६९ |
| महिला : | १७७०३ | १५७७४ |
| जनसंख्या वृद्धिदर : | ०.६१ प्रतिशत | |
| लैङ्गिक अनुपात : | ८१.०६ | |
| औसत परिवार संख्या : | ४.३७ | |
| जनघनत्व | १४६ प्रति वर्ग किमि | |
| बालबालिकाको संख्या | १३६६४ जना | |
| बालक | ६७६६ | आदिवासी जनजाति |
| बालिका | ६८९८ | |
| दलित | २६६८ | |
| मधेशी पछाडावर्ग | ३७८ | |
| खसआर्य जाति | ७५६७ | |

## ५. शैक्षिक स्थिति

| | |
|---|---|
| कुल साक्षरता : | ७७.२२% |
| पुरुष | ८३.२९% |
| महिला | ७२.४१% |

| | |
|---|---|
| आदिवासी जनजाति | ७६.१०% |
| मधेश पिछाडावर्ग | ८१.७६% |
| दलित वर्ग | ७१.१०% |
| ब्राम्हण क्षेत्री | ८२.१८% |

**६. विद्यार्थीको भार**

| | |
|---|---|
| सामुदायिक बालविकास पढ्ने बालवालिका | २२.३०% |
| निजि विद्यालय पढ्ने | ३०.९८% |
| सामुदायिक विद्यालय पढ्ने | ६९.०२% |

(श्रोतः लेटाङ नगरपालिका शिक्षा शाखाको अभिलेख अनुसार)

**७. घरको अवस्था (परिवार)**

| | |
|---|---|
| खर/बाँस/काठ/माटो/ढुङगाको छाना भएको घर | १०.९८% |
| जस्तापाताले छाएको | ८०.१९ |
| छत ढलाई भएको | ८.८२% |
| शौचालय भएको घर परिवार | ७९६६ परिवार |
| महिलाको नाममा घर भएको | ७९७ परिवार |
| महिलाको नाममा जग्गा भएको | १२५९ परिवार |

**८. पर्यटकीय स्थलहरु**

लेटाङ नगरपालिकामा राजारानी ताल, आरुबोट डाडाँ,किसे झरना, कोललुङ झरना,देउजे झरना,नाव्लुङ झरना,जोरकुप,बाराजी मन्दिर,धार्मिक चोक जाते जस्ता क्षेत्र छन् जसको संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।

## राजारानी ताल :

लेटाङ नगरपालिका वडा नं. १ मा पर्ने राजारानी पोखरी यस क्षेत्रकै प्राकृतिक, एतिहासिक तथा धार्मिक महत्व बोकेको पर्यटकीय स्थल हो ।यो पोखरी विराटनगरदेखि करिब ५० किलोमिटर उत्तरपूर्वमा पर्छ । पूर्वपश्चिम राजमार्गको यात्रा गर्दा इटहरी बजारबाट पूर्वतर्फ अघि बढेपछि मोरङको बेलबारी बजारमा रहेको इलाका प्रहरी कार्यालय अगाडिबाट उत्तरतर्फ जाने कालोपत्रे सडक हुदै जाँदा नक्सलबारी, बुधबारे र लोखरा पुगिन्छ । करिब ११ किलोमिटरको यात्रा गरेपछि चुरेको फेदीमा पुगेर टंगिन्छ । त्यस पछि फेदीबाट ठाडो उकालो २ किलोमिटर यात्रा गरेसके पछि सुन्दर र मनमोहक राजारानी पुगिन्छ । यहाँसम्मा जानका लागि बेलबारीबाट राजारानी हुदै उत्तरतर्फ लाग्ने सर्वजानिक साधन पाइन्छ । भाडाका अरु सवरी साधन पनि बेलबारीमा सहजै पाइन्छ । राजारानीमा खाजा तथा खानाका लागि होटलहरु उपलब्ध छन् । तिनमा मौलिक खानाका परिकारहरु पनि पाइन्छन् । त्यहाँका पाहुना घरहरुमा राति समेत बस्न सकिने व्यावस्था छ ।

बेलबारीबाट १३ किलोमिटर उत्तरमा रहेको राजारानी क्षेत्रको क्षेत्रफल करिब २० हेक्टरमा फैलिएको छ । प्राकृतिक सौन्दर्य,ताल,विभिन्न किसिमका जलप्रणी तथा वनस्पति यस क्षेत्रका मुख्या आकर्षक हुन् । वरिपरि डाडौँडाडाले घेरिएको उपत्यकाझै देखिने राजारानी क्षेत्रमा ३ वटा पोखरी र धिमाल तथा मगर समुदायले पूजा गर्ने २ वटा मन्दिर छन् । यस वाहेक यो क्षेत्रमा पोखरीमा रहेका विभिन्न जातका सुनखरी फूलहरु, विभिन्न प्रकारका पुतलीहरु, उन्यू र अन्य दूर्लभ वनस्पतिले पनि प्रख्यात छ । पूर्व नेपालको झापा र मोरङका आदिवासी धिमालहरुले अढाइ महिना सम्म लगाउने ढङढङे (असारे)

मेला हरेक वर्षको बैशाख २ गते यही पोखरीको धिमाल मन्दिरबाट सुरु हुन्छ । धिमाल पोखरी छेउको धिमाल ग्रामथानमा पूजाआजा गरेपछि यो मेला सुरु हुन्छ । उक्त थानमा आ-आफ्नो गच्छेअनुसार बोका,कुखुरा,हाँस र परेवाको वलि दिएर धिमालहरुले पूजाआज गर्ने गर्दछन् । यो क्षेत्रमा बनभोज स्थलहरु पनि छन् ।

## आरुबोटे डाँडा :

मोरङ भन्ना साथ तराईको समथर अनि धेरै गर्मी ठाँउ भन्ने कतिपयले बुझ्ने गरेका छन् । मोरङकै लेटाङ नगरपालिकाका धैरै क्षेत्रहरु पहाडी भेगमा छन् । ति क्षेत्रमा असार साउनमा समेत जाडोले लेगलुग काम्दै बस्नुपर्छ भन्दा धेरैलाई अनौठो लाग्न सक्छ । यसको प्रत्यक्ष अनुभव गर्ने लेटाङ १ को आरुबोट डाँडा गए पुग्छ । समुद्री सतह देखि करिब १४ सय मिटर उचाइमा रहेको यो डाँडाको मौसम विचित्र छ । मध्य बर्खामा समेत पुस माघको जस्तो जाडो हुन्छ । छिन छिन पानी पर्ने छिन छिन घाँम लाग्ने अनि छिनमा कुहिरोले ढपम्कै ढाकिने खालको मौसमले रोमान्चित बनाउँछ ।
आरुबोटको सिरमा एउटा थुम्की छ । त्यो थुम्कीमा एउटा हावा आउने प्वाल छ ।त्यो प्वालबाट गर्मीयाममा चिसो सिरेटो आउँछ भने जाडोमा तातो हावा आउँछ । त्यहीँ थुम्कीमा त्यस बेलाको परन्ते विजुवाको चुलो छ । नजिकै मन्दिर पनि छ । परापूर्वकालमा यो डाँडामा एक जना घुमन्ते शिकारी बस्ने गर्दथे । उनलाई आवश्यक पर्दा आफ्नो कर्दले जमिन खोस्रेर पानी निकाल्थे भन्ने किम्बदन्ती छ । पानी उपयोग गरेपछि जमिन पहिले जस्तै छाड्ने भन्ने स्थानिय बुढापाकाको भनाइ छ । त्यही बेला उनले बनाएको एउटा चुलो अहिले सम्म रहेको हो भन्ने जनविश्वास छ । त्यही चुलो परन्ते नामले चिनिदै आएको छ ।
आरुबोट जान लेटाङ बजारबाट राजारानी हुदै उत्तरतर्फ उकालो अघि बढे पछि साग्मा पुगिन्छ । त्यहाँबाट अझै उकालो लागेपछि आरुबोट डाँडा आइपुग्छ । यहाँ जाने अधिकांश बाटो कच्ची छ । हिउँदमा साग्मासम्म सार्वजनिक यातायातका साधन चले पनि बर्खायाममा चल्दैनन् ।

## किसे झरना :

लेटाङको अको लोभलाग्दो झरना हो ‘किसे झरना’ । वडा नं.१ मा पर्ने यो झरना पर्यटकीय संम्भावनायुक्त भए पनि भौगोलिक विकटताका कारण भौतिक पूर्वाधार विकास भइसकेको छैन । त्यति प्रचार प्रसारमा पनि आउन सकेको छैन । सिंहदेवि र भोगटेनीको बिचबाट बग्ने खोलामा पर्ने किशे झरना विकटमा भए पनि सुन्दरताले भरिपूर्ण छ । पूर्व पश्चिम राजमार्ग अन्तरर्गत मोरङको बेलबारी बजारमा रहेको इलाका प्रहरी कार्यालयमा अगाडीको कालोपत्रे सडकबाट उत्तरतर्फको यात्रा गर्दा नक्सलबारी हँदै बुधबारे,लोखरा राजारानी हुदै करिब २८ किलोमिटर पार गरेपछि साग्मा पुगिन्छ । साग्माबाट करिब ३ किलोमिटर पैदल गरेपछि किशे झरनाले स्वागत गर्छ ।
ठूलो पहराबाट झरेको यो झरना निकै आकर्षक छ । हिउँदको समयमा मात्र यहाँको यात्रा सहज हुन्छ । झरना नजिकै पसल छैन् । त्यस क्षेत्र जानेले खानेकुरा लिएर जानुपर्छ । यो झरना झन्डै ४० मिटर अग्लो छ । बाह्रैमास पानी छङछङ झरिरहेको हुन्छ । प्राकृतिक रुपमा अति रमणीय स्थल भएकाले त्यहाँ पुगेपछि यात्राको दुःख बिर्सिइन्छ । किशेटारमा मगर जातिको बहुल्य छ । केही ठाउँमा लिम्बु समुदायको पनि बसोबास छ । मगर भाषामा किशे भन्नले मृग भन्ने बुझिन्छ । यस ठाउँमा मुग धेरै पाइने हुनाले यस ठाउँको नाम किशेटार र झरनालाई किशे झरना भनिएको हो । झरना नजिकै सिंहदेविको मन्दिर छ ।

## विसाल जाँते :

ठाउँको पहिचान विशेष बनाउन निर्माण गरिएको विसाल जाँतोले धेरैको ध्यान ताने गरेको छ । पूर्वपश्चिम राजमार्गको यात्रामा आउने मोरङको पथरी बजार पुगेपछि इलाका प्रहरी कार्यालय अगाडिबाट उत्तरतर्फ लाग्ने सडक छ । यो सडकमा सार्वजनिक बस र अरु साना साधन पनि सञ्चालन हुन्छन् । पथरी बजारबाट ८ किलोमिटर जंगलको बिचबाट यात्रा गरेपछि धार्मिक चोक पुगिन्छ । यो चोकसगैँ एउटा विसाल जातो देख्न सकिन्छ । लेटाङ बजारबाट पश्चिम तर्फको सडक हुदै जाँदा करिब ४ किलोमिटरको यात्रा गरेपछि भने जाँतो भएको ठाउँमा पुग्न सकिन्छ । ४ किलोमिटर मध्ये झण्डै एक किलोमिटर सडक भने कच्ची छ । वर्षको समयमा यात्रा गर्दा मोरङगी खोला तर्नुपर्छ । उक्त खोलामा मदन भण्डारी लोकमार्ग अन्तर्गत पक्की पुल निमार्ण कार्य भइरहेको छ ।

मोरङको लेटाङ नगरपालिका ९ मा रहेको जाँतो संसारकै ठूलो भनेर दाबी गरिएको छ । जाँतेको पहिचान र नाम जीवित गराउने उद्देश्यले निर्माण गरिएको हो । यही भएर यो गाँउको नामनै जाँते हो । नगरपलिका बन्नु अघि यो जाँते गाविस थियो । पछिल्लो पटक लेटाङ नगरपालिका घोषण हुँदा जाँते गाविस पनि नगरपालिकामा गाभिएको हो । आफ्नो ठाउँको नाम र पहिचान विशेष बनाउने जाँतेको स्तम्भ स्थापना गरिएको हो ।

चिटिक्क परेको पार्कभित्र ५ फिट गोलाईको जाँतो बनाइएको छ । डेढ फिट उचाईको जाँतोको माथिल्लो घुम्ने ढुङगा १५ इन्च छ । बीचको मानी २ किलो फलामले बनाइएको छ । जंगलको शिरमा रहेको यो जाँतेको स्तब्भसगैँ धार्मिक चोक विविधताले भरिपूर्ण छ । यहाँ सबै जाँत धर्मलाई समेट्ने गरि पर्यटकीय बिशेष क्षेत्र बनाउने विकास योजना अघि सारिएको छ । चोकको नजिकै बौद्ध गुम्बा,वसन्त हरीयाली सामुदायिक वनको कार्यालय, साकेला थान, गणेश मन्दिर,संस्कृत भाषाको पठनपठन हुने संस्कृत विद्यापिठ र किराँत यूमा माङ हिम थान रहेको छ ।

## देउजे झरना :

लेटाङ बजारबाट नजिकै रहेको यो झरना लेटाङ बजारबाट ४ किलोमिटर दूरीमा छ । पहाडको फेदीमा लमतन्न सुतेको लेटाङ बजारको बीचबाट उत्तरतर्फ रहेको फराकिलो सडक हुदै २ किलोमिटर अघि बढ्दा थुम्कोमाथि रमणीय गुवाबारी पुगिन्छ । गुवाबारीबाट पशिचमतर्फ जाने कच्ची बाटो हुँदै गएपछि सडकको दाहिने तर्फ मनमोहक झरना देख्न पाइन्छ । त्यो देउजे झरना हो । यसलाई कसैले निगुरे भन्छन त कसैले राते ।

देउजे झरना हुँदै अघि बढेको सडक धनकुटाको ६ नम्बर बुधबारे निस्कन्छ । देउजे झरनाको सौन्दर्यमा रमाएपछि खाजा खान गुवावारी पुग्नुपर्छ । त्यहाँ व्यवस्थित होटलहरु ग्राहकको पर्खाइमा हुन्छन् । लेटाङ बजारको शिरैमा रहेको यो गुवाबारी भिडभाडबाट आफूलाई टाडा ।राख्ने र मौलिक खानेकुराको स्वाद लिन चाहानेहरुको मुख्य गन्तव्यको रुपमा स्थापित भइरहेको छ ।

## घना जंगल बीच जोरकुप :

लेटाङ बजारको पूर्वमा रहेको जोरकुप (इनार) पनि एउटा गन्तव्यका रुपमा स्थापित छ । लेटाङ नगरपालिका वडा नं. ५ सगरमाथा टोलमा मोरङी खोलाको पश्चिम कुनामा रहेको त्यस ठाउँमा जान लेटाङ बजारको वीपी चोकबाट कृषि सव्जीमण्डी र किसान मार्ग हुदै करिब १ किलोमिटरको दुरी पार गर्नुपर्छ । जंगलका बीचमा ठूलो इनार छ । यो ऐतिहासिक इनारमा सधैँ पानी हुन्छ । पहिले पहिले वर्षामा खोलाको पानि धमिलो हुने भएकाले यही इनारको पानी स्थानिय वासिन्दाले प्रयोग गर्दथे । परापूर्वकालमा यस क्षेत्रमा बस्ती बसेसगैँ सवैले जोर्कुपको पानी खाने गरेका थिए । जोर्कुपको

उत्तरतर्फ अर्को बिमिरे इनार छ । जोर्कुप,बिमिरे इनार र सुरेटारलाई जोडेर पर्यटकीय सर्किटका रुपमा विकास गरिदै छ । सुरेटारबाट लेटाङ बजारका सम्पूर्ण भाग देख्न सकिन्छ । जोर्कुप वनभोजका लागि प्रख्यात छ ।

## कोललुङ झरना

लेटाङ नगरपालिका वडा नं. ८ मा रहेको कोललुङ झरनाको सौन्दर्यले आगन्तुकलाई मोहित पार्छ । पूर्वपश्चिम राजमार्गअन्तर्गत मोरङको पथरी बजारबाट उत्तरतर्फ सडक हुदै ११ किलोमिटर ग्राभेल सडक पार गरेपछि जाँते बजार पुगिन्छ । त्यहाँबाट तेली खोलातर्फ यात्रा अगाडि बढाउनु पर्छ । तेली खोला तरेर लिङगेको बाटो हुदै करिब १२ किलोमिटर कच्ची सडकको यात्रा गरेपछि कोललुङ झरना पुगिन्छ । जाँते बजारबाट हिडेर जाने हो भने तीन घण्टा लाग्छ । लेटाङ बजारबाट पूर्व जाँते तर्फ ६ किलोमिटर यात्रा गरेपछि वडा नं. ८ को वडा कार्यलय पुगिन्छ । त्यहाँबाट तेली खोला तरेर लिङगेको बाटो हुदैं पनि झरना पुगिन्छ । जाँतेसम्म सार्वजनिक बस समेत चल्छन् । त्यहाँबाट अघि बढ्न निजि सवरी साधन वा भाडाका साधनमा जानुपर्छ । लेटाङ र पथरी बजारमा सवरी साधन सहज रुपमा भाडामा पाइन्छ । झरना नजिकै पसल नभएकाले आवश्यक पर्ने खानेकुरा पथरी वा जाँते बजारबाट किनेर लैजानुपर्छ । घना सालघारीका बिचमा रहेको रमणीय पहाडबाट छङछङ गरिरहेको झरनाले मन लोभ्याउँछ । यस क्षेत्रमा अन्य प्राकृतिक दृश्य देख्न पाइन्छ । दुलर्भ वनस्पति समेत यो क्षेत्रमा पाइन्छ । चारैतिर पहाडले घेरिएको खोँचको ओडार भएर झर्ने झरनाको सौन्दर्यले प्रकृतिप्रेमीको ध्यान तान्छ ।

## बराह (बारजी) मन्दिर :

लेटाङ नगरपालिका ७ को बारङी बजारको शिरमा रहेको बराही मन्दिर यस क्षेत्रको आस्थाको केन्द्र हो । लेटाङ बजारबाट १४ किलोमिटर उत्तरमा रहेको यो मन्दिर स्थापन परापूर्वकालमा भएको जनविश्वास छ । मन्दिर भित्र बराहको मूर्ति छ । यसैलाई बराह देवीका रुपमा पूजा गरिन्छ । यो मन्दिरमा पुग्नका लागि लेटाङ बजारबाट उत्तरतर्फको यात्रामा निस्कनुपर्छ । अलि माथि पुगेपछि गुवाबारी आँउछ । त्यहाँसम्मको करिक अढाइ किलोमिटर यात्रा कालोपत्रे भए पनि त्यस पछिको यात्रा कच्ची सडकबाट गर्नुपर्छ । गुवाबारीबाट सिधै उत्तरको बाटोलाई निरन्तरता दिए पछि भुवा खोला आँउछ । यो खोला तरेर उकालो लाग्नुपर्छ । उकालो काट्दै गएपछि सिमानाबारी पुगिन्छ । त्यस पछि कुम्लेटार आउँछ । कुम्लेटारबाट पश्चिमतर्फ लागेपछि पित्लुम्वा पुगिन्छ । त्यहाँबाट करिब अढाइ किलोमिटर अघि बढुदा वारंगी बजार पुगिन्छ । यहाँ सम्म जानका लागि सबै भन्दा सहज सवारी साधन मटरसाइकल नै हो । भाडाका पिकअप भ्यानहरु पनि पाइन्छ । बराइ मन्दिर सगैं जोडिएका पुराना किम्बदन्तीहरु छन् । परापूवृकालमा एकजना ब्राम्हणको बारीमा सुँगुंर चर्दै आएकाले बाली नष्ट गर्छ भनेर ब्राम्हणले भरुवा बन्दुक ल्याएर बनदुक हाँन्दा उक्त गोली लागेर ढलेको सुँगुंर एकाएक ढुङगाको मुर्ति भएको र पछि त्यही मुर्तिलाइ डाँडामा लगेर बाराही मन्दिर स्थापना गरेको जनविश्वास छ । यो मन्दिरमा पशुपंक्षीको बली दिइँदैन । यो मन्दिरको दर्शन गर्दा सन्तान नभएकाहरुले सन्तान प्राप्ति गर्ने, विपन्नले धन लाभ गर्ने अनि मनोकामना पूराहुने विश्वास छ । यो मन्दिरमा तिहारको औशि पछि आउने पूर्णिमाको दिन विशेष मेला लाग्ने गर्छ ।

## नातोक्लुङ झरना :

नातोक्लुङ झरना यस क्षेत्रको रमणीय पर्यटकीयस्थल हो । झरना लेटाङ नगरपलिका वडा नं. ७ को पित्लुम्बा हुदै बग्ने चिसाङ खोलामा पर्छ । लेटाङ नगरपालिका अधिकांश भूभाग पहाडी क्षेत्रमा पर्छ । झरनाको उचाई करिब २० मिटर छ । जंगलबिच अग्लो पहाडबाट झरेको यो झरना पुगेपछि लेटाङको गुवाबारीदेखिको कष्टपूर्ण यात्रा बिर्सिइन्छ । झरना र आसपासका प्राकृतिक दृश्यले मन लोभ्याउँछ । झरना पुग्नका लागि लेटाङ बजारबाट उत्तरतर्फको यात्रा गर्नुपर्छ । बजारको बिचबाट उकालो लागेको सडक केही छिनमै गुवाबारी पुग्छ । त्यहाँ सम्मको करिब अढाइ किलोमिटर सडक कालोपत्रे छ । त्यसपछि यात्रा कच्ची सडक हुँदै गर्नुपर्छ । गुवाबारीबाट सिधै उत्तरको यात्रालाई निरन्तरता दिए पछि भुवा खोला आउँछ । खोला तरेर उकालो लाग्नुपर्छ । उकालो काट्दै गएपछि सिमानावारी पुगिन्छ । त्यस पछि कुम्लेटार आउँछ । कुम्लेटारबाट पश्चिमतर्फको बाटो अघि बढाए पछि पित्तलुम्वा पुगिन्छ । त्यहाँबाट करिब अढाइ किलोमिटर उत्तरको यात्रा गरेपछि नादुलुङ झरना पुगिन्छ । लेटाङ बाट करिब अढाइ किलोमिटर कालोपत्रे सडक पछि १४ किलोमिटर कच्ची सडकको यात्रा गर्नुपर्छ । यहाँ सम्म जानका लागि सबैभन्दा सहज सवारीसाधन मटरसाइकल हो । यो रुटमा चल्ने भाडाका पिकअप भ्यानहरु रिजर्भमा पनि लान सकिन्छ । झरना नजिकै पसलहरु छैनन् । खाजा तथा अन्य सामानहरु लिनका लागि नजिकको बजार वारङ्गी पुग्नुपर्छ ।

## गुवाबारी :

लेटाङ बजारको शिरमा अवस्थित गुवाबारी अन्तरिक पर्यटकहरुको विश्रामस्थलको रुपमा विकास हुँदै गएको छ । यहाँ सुविधा सम्पन्न होटल उपलब्ध छन् । यहाँको वातावरण लेटाङ बजार भन्दा शान्त रहेको छ । यहाँ विभिन्न स्थानिय खानाका परिकारहरु उपलब्ध हुने गरेको छ ।

### हावापानी र तापक्रम :

यस लेटाङ नगरपालिकाको हावापानी विभिन्न प्रकारको रहेको छ । यस नगरपालिकामा हिउँद याममा तापक्रम निकै कम हुने गर्दछ भने वर्षा याममा तराई क्षेत्रमा निकै गर्मी हुने गरेको छ भने उत्तरी भेगमा सामान्य रहने छ । यहाँको न्यूनतम तापक्रम ४.९ डिग्री सेल्सियस देखि अधिकतप तापक्रम ३६ डिग्री सेल्सियस बिच रहेको पाइएको छ । यस नगरपालिकामा वर्षा याममा ज्यादा वर्षा हुन्छ भने हिउँदमा कम वर्षा हुने गर्दछ । एक दिनमा बढीमा ८४ मिलिमिटरसम्म वर्षा भएको पाइएको थियो । वर्षभरिमा करिब १०७९.८ मिलिमिटर सम्म पानि परेको रेकर्डमा पाइन्छ ।

### खोलानाला :

लेटाङ नगरपालिकामा चिसाङ, भुवा, तेली, खरुवा, मोरङ्गी मुख्या खोलाका रुपमा रहेका छन् । चिसाङ खोला महाभारत पर्वतमा शिर भएको खोला हो । यो तल आएपछि लोहन्द्रा र चिसाङ दुई खोलाका रुपमा चिनिन्छ । वर्षादको समयमा पहाडी भुभागमा पानी पर्दा यी खोलामा बढी आएको देख्न पाइन्छ । वर्षादको समयमा बढी र नदी कटानको समस्या देखिने गरेको छ । मोरङ्गी खोला पनि जति तल गयो उति ठूलो हँदै गएको छ । तल आउपछि यसैलाइ डाँस खोला भनिन्छ । यिनिहरु सवै दक्षिणवर्ती भई बगेका छन् । यिनिहरुको निकास भारतीय भूमि तर्फ नै रहेको छ । वर्षादको समयमा यि नदिहरुको आसपासका मानिसहरुमा बाढी र डुवानको समस्या देखिने गरेको छ । वर्षाद सकिए पछि विस्तारै यिनिहरु सामान्य बन्न पुग्छन् । शरद ऋतुसम्म पनि पानी कायमै रहने भएकाले छैठ पर्वको वेला धार्मिक विधिबाट छैठी माताको पूजाआज गर्न उपयोग गरिन्छ ।

**वन जंङ्गल तथा वन्यजस्तु :**

लेटाङ नगरपालिका वन जंङ्गलका दृष्टिले सम्पन्न छ। यो नगरपालिका चारकोशे भ्काडी सगँ जोडिएको छ । त्यसैले सामुदायिक वन र संरक्षित वन क्षेत्र पनि रहेको छ । यस नगरपालिका भित्र सामान्य रुपमा किसानले लगाएको निजि वन पनि छन् । त्यसमा बकाइनो, बडार,सिसौ, खरी, इपिल, टिक, मसला, कदम, बाँस र उत्तरी भेगमा उत्तिस, कटुस, भोर्ला, सिमल जस्ता वनस्पतिहरु पाइन्छन् । यहाँ भावर र महाभारत श्रृङ्गलामा पाइने वनस्पतिहरु पाइने गर्दछ ।

लेटाङ नगरपालिकाको वन क्षेत्रमा खरायो, बदेल, हरिण, जरायो, स्याल, लोखर्के,खिरखिरे र दुम्सी जस्ता जंगली जनावर तथा सुगा, रुपी, काग, ढुकुर, लेइचे, कालिज जस्ता विभिन्न प्रकारका चराचुरुङ्गीहरु र भ्याउँकिरी जस्ता अनेकौ प्रकारका किटपंङ्गीहरु पाइन्छन् । यहाँका खालामा असला,बदुना, बुहारी लगाएत विभिन्न प्रकारका माछाका साथमा कछुवा र विभिन्न प्रकारका भ्यागुता र अन्य जलचर प्राणी पनि पाइन्छन् । पुतली,कमिला, धमीरा,  साप, छेपारो, भालोमुङ्ग्रो र अन्य प्रकारका किरामिरा साथमा अनेक प्रकारका जरीबूटी यहाँ पाइने गर्दछन् । यसरी लेटाङ नगरपालिका जीवजन्तु र वनस्पतिका दृष्टिले सम्पन्न छ। यहाँ भावर प्रदेश, चारकोसे भ्काडी र महाभारत श्रृङ्खलामा पाइने जीव र वनस्पति पाइने भएकाले यहाँको जतिको जैविक विविधता अन्य नगरपालिकाहरुमा पाउन सकिन्न । जैविक विविधताको दृष्टिले लेटाङ मोरङका सब नगरपालिकाहरु मध्ये सबै भन्दा धनी रहेको दावि गर्न सकिन्छ । यहाँको जंगलमा बाघ पाइएको छैन । तर भालु, बनेल, मृग, घोरल आदि प्रशस्त मात्रामा पाइन्छन् । कहिलेकाँही जंगली हात्ती देखा पर्छ । त्यस बेला वस्तीमा पसेर मानिसलाई दुःख दिने गरेको छ ।

**जनसंख्या विवरण :**

वि.स २०६८ को जनगणना अनुसार लेटाङ नगरपालिकाको कूल जनसंख्या ३२०५३ जना रहेको थियो । यहाँ पुरुषको जनसंख्या १४३५० र महिलाको संख्या भने यस भन्दा केही बढी १७७०३ रहेको छ । लेटाङ नगरपालिकामा घरपरिवार सङख्या ७३३९ रहेको छ । यहाँको औसत परिवार संङख्या ४.३७ रहेको पाइन्छ । हादलै लेटाङ नगरपालिकाले नगर प्रोफाइल निर्माणका निम्ती गरेको स्थलगत सर्वेक्षणको आधारमा यहाँको जनसख्या ३८१४६ जना रहेको देखिन्छ। यसमा पुरुषको संख्या १९१९२ र महिला १८९५१ तथा तेस्रोलिङ्गी ३ जना रहेको देखिन्छ । यस नगरपालिकामा जम्मा ७९७७ घरपरिवार संख्या रहेको देखिन्छ ।

**तालिका नं. १**

**नगरपालिकाको वडा नं. घर परिवार तथा लिङ्ग अनुसार जनसंख्या विवरण ।**

| वडा नं. | लिङ्ग(२०६८ | | जम्मा | घरपरिवार संख्या | औसत परिवार संख्या | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | | | | |
| १ | १६९५ | २०२२ | ३७१७ | ७८४ | ४.७४ | ८३.८३ |
| २ | १८५६ | २३०३ | ४१५९ | ९७५ | ४.२७ | ८०.५९ |
| ३ | २०५८ | २५०४ | ४५६२ | १०८४ | ४.२१ | ८२.१९ |
| ४ | १३४८ | १६८१ | ३०२९ | ७०९ | ४.२७ | ८०.१९ |
| ५ | १७३५ | २२४० | ३९७५ | ९३२ | ४.२७ | ७७.४६ |
| ६ | १२३१ | १५९६ | २८२७ | ६५९ | ४.२९ | ७७.१३ |
| ७ | १४८५ | १६६४ | ३१४९ | ६७९ | ४.६४ | ८९.२४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | १४२५ | १६७२ | ३०९७ | ६९१ | ४.४८ | ८५.२३ |
| ९ | १५१७ | २०२१ | ३५३८ | ८२६ | ४.२८ | ७५.०६ |
| जम्मा | १४३५० | १७७०३ | ३२०५३ | ७३३९ | ४.३७ | ८१.०६ |

वि.स. २०५८ को जनगणनाको प्रतिवेदनको आधारमा जनसङख्या को तुलना गर्दा यहाको जनसङख्या र घर परीवारको सङख्या दुबै बढेको छ । वडागत आधारमा सबै भन्दा बढि घर परिवार भएको वडा नं ३ हो, जसमा १०८४ घर परीवार र जनसङख्या ४५६२ रहेको पाईएको छ । यता सबै भन्दा कम वडा नं ६ मा ६५९ रहेको छ र जनसङख्या २८२७ रहेको छ । लेटाङ नगरपालिकाको लैङगिक अनुपात भने ८१.०६ रहेको छ । यसको अर्थ हो,यहाँ १०० जना महिला बराबर करिब ८१ जना पुरुष रहन्छन् ।महिलाको जनसंख्या पुरुषको भन्दा बढी भएकाले यस्तो अवस्था आएको हो । यसबाट लेटाङ नगरपालिकामा महिलाको तुलनामा पुरुषको संख्या कम रहेको नगरपालिकामा परेको छ ।

## लेटाङ नगरपालिकाको आ.व. ०७८/०७९ को निति तथा कार्यक्रम र बजेट :

आर्थिक वर्ष २०७७/०७८ मा घोषित वार्षिक नीति तथा कार्यक्रम र बजेटबाट प्राप्त उपलब्धिहरुको बारेमा संक्षेपमा चर्चा ।

### असार ७ गते सम्मको क्षेत्रगत बजेटको समिक्षा

| सि.न | बजेट क्षेत्र | विनियोजित रकम | असार ७ सम्मको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | पूर्वधार विकास | २६ करोड ४८ लाख १६ हजार २ सय ७८ | ११ करोड ५० लाख २३ हजार ६ सय ५६ | ४३.४४ |
| २ | सामाजिक विकास | २८ करोड १७ लाख ५२ हजार २ सय ४० | १६ करोड ५० लाख ९४ हजार ८ सय १० | ५८.६ |
| ३ | आर्थिक विकास | ५ करोड ५७ लाख १८ हजार | ३ करोड ३६ लाख २९ हजार ७ सय ५८ | ६०.३६ |
| ४ | सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | ५ करोड ७९ लाख २९ हजार | २ करोड ३२ लाख २३ हजार ५ सय ३२ | ४०.९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ११ करोड ६५ लाख १७ हजार ३ सय | ८ करोड ५७ लाख ४७ हजार ८ सय ४१ | ७३.५९ |
| | कुल जम्मा | ७७ करोड ६७ लाख ३२ हजार ८ सय १० | ४२ करोड २७ लाख १९ हजार ५ सय ९८ | ५४.४२ |

चालु आ.व को असार ७ गतेसम्मको जम्मा ५४.४२ प्रतिशत खर्च भएको देखिन्छ । कतिपय योजना सम्पन्न भइसकेको र कतिपय अन्तिम चरणमा पुगेकाले असार मसान्त सम्म भुक्तानी हुँदा लक्ष्य प्राप्त हुने देखिन्छ ।

लेटाङ नगरपालिकाले कोभिड-१९ महामरी, रोकथाम, नियन्त्रण उपचार तथा अन्य व्यास्थापकिय कामहरु गर्न उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरिरहेको छ । यति बेला नयाँ भेरियन्ट सहितको कोभिड-१९ महामारी, रोकथाम र नियन्त्रणका लागि पहिचान, परिक्षण र उपचार तथा अन्य

व्यवस्थापकीय कामका लागि नगरपालिकाले संयन्त्रहरु परिचालन गरिरहेको छ । कोभिडका विरामीहरुको उपचारका लागि लेटाङ क्याम्पसमा ५ वेडको कोभिड अस्थायी अस्पताल र १० वेडको आइसोलेसन केन्द्र सञ्चालन गरिएको छ ।

कोभिड महामारी बाट सिर्जित प्रतिकुल परिस्थितिका बाबजुद नगरका गौरबका योजनाका रुपमा रहेका भुवा खोला पक्की पुल, वडा नं. ४ का आधुनिक कृषि बजार निर्माण, आधारभुत स्वास्थ्य केन्द्रको भवन निर्माण जस्ता कार्यहरु तिब्रगतिमा भइरहेको छ। विभिन्न वडामा सडक कालोपत्रे, वडा नं. २,४,५,६ र ९ मा आधारभुत स्वाास्थ्य केन्द्रको भवन निर्माण, वडा नं. ४ र वडा नं. ९ मा वडा प्रशासकीय भवन निर्माणको कार्य सुचारु छ। पर्यटन विकास र सम्पदा संरक्षण गर्न राजारानी तालको सौन्दर्यकरण आयोजना ठेक्का सम्झौता भई सकेको छ भने १० शैयाको अस्पताल निर्माण ठेकका लाग्ने अन्तिम प्रक्रियामा रहेको छ। विभिन्न साना ठूला योजनाहरु निरन्तर रुपमा सञ्चालनमा रहेको कुरा सम्मानित सभा समक्ष राख्न चाहान्छु।

चालु आर्थिक वर्षको जेठ मसान्तसम्म जम्मा ५ किलोमिटर कालोपत्रे गर्ने कार्य सम्पन्न गरिएको छ , भने ६ किलोमिटर ८ सय ३६ मिटर सडक ग्राभेल गरिएको छ। पहाडी भूभागमा पर्ने वडा न.१, ७ र ८ मा जम्मा ३१ किलोमिटर १४९ मिटर नयाँ ट्रयाक खोलिएको छ। १९५५ मिटर ड्रेन निर्माण, १३२.६ मिटर इन्टरलक गरिएको छ भने जम्मा ८ वटा कल्भर्ट निर्माण सम्पन्न भएको छ।

कृषि क्षेत्रको विकासका लागि कृषिको आधुनिकिकरण, बजारीकरण तथा विविधिकरण वडा नं. १ मा सुन्तला पकेट क्षेत्र, वडा नं. ८ मा तरकारी पकेट क्षेत्र र वडा नं. ३ मा मकैको विउ उत्पादन कार्यक्रम सञ्चालनमा रहेको छ। कृषकहरुलाई व्यवसायिक बनाउन ५० प्रतिशत अनुदानमा कृषि ओजार तथा धान गोड्ने र काट्ने मेसिन वितरण, विउ विजन वितरण तथा कफि खेति, केरा खेति र सुपारी खेतिमा पूर्ण अनुदान, फलफूलको बिरुवा वितरण, अलैचि खेतिको लागि ७५ प्रतिशत अनुदानमा पाइप वितरण, टनेल वितरण, कृषक समुहलाई जैविक मल, वेमौसमी तरकारी खेति सम्बन्धि तालिम, बाली उपचार शिविर जस्ता कार्यक्रमहरु सञ्चालनमा गरिएको छ। पशुपालक कृषकलाई व्यावसायिक बनाउन पशु स्वास्थ्य, नल सुधार, आहारा व्यावस्थापन, गोठ मर्मत सुधार, बाखा, बंगुर वितरण, कुटी काट्ने मेसिन वितरण जस्ता कार्यक्रम सञ्चालन गरिएको छ। मौसम जन्य बाढी, पहिरो बाट सिर्जना हुने विपद् व्यवस्थापनका लागि तटबनधन लगाएतका क्रियाकलापहरु निरन्तर रुपमा सञ्चालनमा रहेको छ। बेरोजगार व्यक्तिलाई रोजगार सिर्जना गर्न प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत विभिन्न आयोजनहरुको कार्य भईरहेको छ। शिक्षक दरबन्दी मिलान कार्य सम्पन्न भएको छ। छात्रासगँ उपमेयर, बालमैत्री नगर घोषण कार्यक्रम निरन्तर चलिरहेको छ । कोभिड -१९ का कारण भौतिक रुपमा विद्यार्थीको पठन पाठन खबरुद्ध भएतापनि वेकल्पिक विधिहरुको प्रयोग गरि शैक्षिक सत्र २०७७ को मूल्याङ्कन सकिएको कुरा सम्मानित सभा समक्ष जानकारी गराउन चाहन्छु।

**(क) आर्थिक विकास सम्वन्धी निति**

१. कोभिड -१९ बाट प्रभावित भई विदेशबाट स्वदेश र सहरबाट गाउँ फर्किएका यूवालाई लक्षित कृषिमा तथा पशुपालनमा आकर्षित गर्न स्थानियस्तरमा नै रोजगारी सिर्जना गर्नका लागि

साझेदारीमा आधारित कृषि तथा पशुपालन उत्पादनमूखी कार्यक्रम सञ्चालन गरिनेछ । यसका लागि आवश्यक क्षमता विकास सम्वन्धी तालिम, प्राविधिक सिप र सयोग उपलब्ध गराइने छ ।

२. जनवायू परिवर्तन र प्राकृतिक प्रकोपबाट कृषि क्षेत्रमा पर्ने नकरात्मक असर न्यूनिकरण गर्न उपलब्ध प्रविधि तथा सेवा कृषकलाइ उपलब्ध गराइने नीति लिइने छ ।

३. बालिहरुमा लाग्ने रोग किराहरुबाट हुने क्षति, प्राकृतिक प्रकोपबाट हुने क्षतिवापत किसानलाई बाली बिमामा अनुदान दिने नीति लिइने छ ।

४. कृषिलाई व्यावसायिकीकरण गर्नका लागि उन्नत विउ विजनहरु कृषकहरुसगँको साझेदारी वितरण गरिने छ ।

५. कृषि तथा पशुपालनको व्यावसायिकीकरण गर्नको लागि संघ र प्रदेश सरकारसगँ साझेदारी गर्नका लागि समपुरक कोषको व्यवस्था गरिनेछ ।

६. कृषिलाई आधुनिकीकरण र व्यावसायिकीकरण, गर्नको लागि मकैको बिउ उत्पादनको पकेट क्षेत्र बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ । सामुहिक खेति प्राणलीलाई प्रात्साहन गरी अनुदान दिइने नीति लिइनेछ ।

७. नगर क्षेत्र भित्र रहेका बाझो जमिनमा अनिवार्य रुपमा खेति गर्नुपर्ने नीति लिइनेछ ।

८. निजि स्वामित्वमा रहेका जमिनको माटो परिक्षण गरि उपयक्त बिउ मल लगायतका कृषि सामाग्री सिफारिस गर्ने व्यवास्था मिलाइनेछ ।

९. सरकारी स्वामित्वमा रहेका जमिन प्रयोगको गुरु योजना (master plan) बनाई आर्थिक हिसावले बढी प्रतिफलयूक्त कृषि तथा जरिबुटी उत्पादनमा जोड दिइनेछ ।

१०. सामुदायिक वन उपभोक्ता समितिहरुको क्षेत्राधिकार भित्र जमिनमा वन जंगललाई असर नगर्ने खालका बेसार, अदुवा जस्ता बली लगाउने प्रोत्साहन गर्ने नीति लिइनेछ ।

११. सम्भाव्यताको अध्ययन गरी कृषि उपच भण्डारण (शित भण्डार) स्थापना गरिनेछ ।

१२. एकीकृत कृषि खेती, सामुहिक तथा सहकारी खेती प्राणली र पर्याटकीय तथा वातावरणमैत्री कृषि प्रणालीलाइ प्रोसाहित गरिने छ ।

१३. पहाडी तथा भिरालो धरातलको बाँझो तथा सिमान्त जमिनलाई संरक्षण तथा उत्पादकत्व वृद्धिका लागि बहुउपयोगी, उच्च मूल्य र नगदे बाली सहितको कृषि वन प्रणालीको प्रवद्धन गरिनेछ ।

१४. सहकारी मार्फत कृषकहरुले सेवा माग गर्ने, उत्पादन क्षमता बृद्धि गर्ने र बजारीकरण गर्न सक्ने गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

१५. प्राङगारिक खेतीको प्रवद्धनका लागि प्राङगारिक खेती गर्नेलाई प्रोत्साहन, बायोग्यास तथा अन्य श्रोतहरुबाट उत्पादन भएका प्राङगारिक मलको प्रयोगलाई सहकारी तथा निजि क्षेत्रको सहकार्य विस्तार गरिनेछ ।

१६. प्रत्येक वडामा सम्भाव्यताको आधारमा बाली, फलफूल, पशुपन्छीको पकेट क्षेत्रको पहिचान गरी कृषिकलाई आवश्यक पर्ने उत्पादन सामाग्री र सेवा उपलब्ध गराउने व्यावस्था मिलाइने छ ।

१७. बहुवर्षिय घासको बिउ उत्पादन गर्न कृषिकलाई प्रात्साहन गरी आत्मानिर्भर बनाउदै लगिने नितिलाई निरन्तरता दिइनेछ ।

१८. कृषि उत्पादनमा वृद्धि गरी नगरपालिकाभित्रको खाद्यान्य, माछा, मासु, फलफूल, तरकारी लगायतमा आत्मा निर्भर बनाई आयतलाई प्रतिस्थापन गदै निर्यात प्रवद्धन गर्ने निति लिइनेछ ।

१९. कृषकहरुलाई सामुहिक खेती प्रणाली तथा कौशी खेती प्राणलीप्रति आकर्षित गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

२०. कृषि क्षेत्रबाट उत्पादित बस्तुहरुको विक्री वितरणको लागि बजार सम्भाव्यता अध्ययन गर्ने साथै नगरपालिका क्षेत्रभित्रका बजारहरुलाई व्यवस्थित बनाइनेछ ।

२१. कृषि क्षेत्रमा प्रयोग हुने विषापदहरुबाट स्वास्थ्यमा पर्ने असरलाई न्यूनिकरण गर्नका लागि अर्गानिक खेति प्रणालीलाई प्रत्साहन गर्ने नीति लिइनेछ ।

२२. नविनतम कृषि प्रविधिको प्रयोग तथा अनुसन्धान गरी कृषि क्षेत्रको आधुनिकीकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. व्यावसायिक रुपमा कृषि तथा पशुपालन गर्ने उत्कृष्ट कृषक समुह र किसानहरलाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२४. स्थानिय उत्पादनको प्रयोगलाई अधिकतम उपयोग गर्ने नीति लिइनेछ ।

२५. रैथाने बालीको संरक्षण तथा प्रवद्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. पशुपालनलाई प्रोत्साहन गर्नका लागि उन्नत जातका पशुहरको नशल सुधार गर्नको लागि किसानहरुसगँको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. पशु रोग अनुसान्धानको लागि ल्याव स्थापना नीति लिइनेछ ।

२८. उद्यमशिलता विकास र क्षमता अभिवृद्धिका लागि यूवा लक्षित तालिम, अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२९. नगरक्षेत्रभित्रको जनसांख्यिक लाभलाई पूर्ण रुपमा उपयोग गर्न  यूवाहरुलाई सिपमुलक तालिम प्रदान गरी रोजगारी प्रवर्द्धन गरिनेछ ।

३०. स्थानिय कच्चा पदार्थ, प्रविधि र सिपको संरक्षण र प्रवर्द्धन गर्न लघु तथा घरेलु उद्योग, परम्परागत सिपमा आधारित उद्योगहरुलाई प्राथमिकता दिइ प्रविधिमा सहयोग गरिनेछ ।

३१. नगर क्षेत्र भित्र स्थापना भइ ४० जना सम्म स्थानियलाई रोजगारी दिन सक्ने उद्योगलाई दता गर्दा लाग्ने सबै शुल्क र ३ वर्षसम्म व्यावसाय करमा छुट दिइनेछ ।

३२ गरिब निवारण तथा रोजगारी सिर्जनाका लागि गरिबसगँ मेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३३. मानवीय सिप र दक्षताको उपयोग गदै स्वरोजगारी सिर्जना गर्न साना तथा घरेलु उद्योग स्थापना गर्न प्रोत्साहित गर्ने निति लिइनेछ ।

३४. कृषि तथा पशुजन्य वस्तुहरुको कच्चा पदार्थलाई प्रसोधन गरि बजारीकरण गर्न साना उद्योग स्थापनाका लागि सहयोग पुऱ्याउने निति लिइनेछ ।

३५. प्रत्येक सहकारी संस्थाको नियमित र सघन अनुगमन गरी संस्थागत सुशासन कायम गरिनेछ ।

३६. सहकारीको माध्यमबाट रोजगारी सिर्जना, गरिवी न्यूनिकरण र सामुदायिक सशक्तिकरण गरिनेछ ।

३७. पारदर्शिता, प्रभावकारीता र जोखिम न्यूनिकरण गदै सहकारीलाई समृद्धिको साधन बनाइनेछ ।

३८. समुदायिक र सदस्या प्रति थप उत्तरदायि र जवाफदेही बनाउने विभिन्न कार्यक्रम मार्फत सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरिनेछ ।

३९. संख्यात्मक उन्नती गरेको सहकारीलाइ गुणात्मक उपस्थितितर्फ लैजान संस्थाहरुको एकिकरण कार्यलाई प्रोत्साहन गरिनेछ ।

४०. सामाजिक उत्तरदायित्व सहितको सहकारी र सदस्य केन्द्रित संस्था निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

४१. विद्युतिय शासन मार्फत सुशासन कायम गर्न सम्पूर्ण सहकारीहरुलाई डिजिटाइजेसन गर्न प्रोत्साहन गरिनछ ।

४२. प्रत्येक सहकारीले व्यावस्थापन गर्नुपर्ने सामाजिक दायित्व अन्तर्गतको रकम परिचालन गर्दा नगरपालिकासगँका समन्वयमा सञ्चालन गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ ।

४३. सहकारी संस्था र शेयर सदस्यको हितका लागि समय समयमा सहकारी सम्बन्धी नियामक व्यवस्था एवम् अन्य सुचनाहरु प्रकाशन तथा प्रसारणमा जोड् दिइनेछ ।

४४. बचत तथा ऋण सहकारी संस्थाहरु मार्फत यूवा स्वरोजगार कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्ने निति लिईनेछ ।

४५. सबै सहकारीहरुको विवरण software प्रणली (COPOMIS) मा प्रविष्ट गर्नुपर्ने व्यावस्था कार्यन्वयन गर्न सहकारी संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. नगरपालिका क्षेत्रभित्र उत्कृष्ट कृषि सहकारी संस्थालाई पुरस्कृत गर्ने निति लिईनेछ ।

४७. नगरको पहिचान बोकेका तिकुने पार्क, जोर्कुप क्षेत्र, राजारानी ताल, किसे झरना, वाराजी मन्दिर, कोललुङ झरना, आरुवोटे डाँडा, वडा नं. ७ को थापचुली डाँडा, लेटाङ ९ धार्मिक चौक जाँते जस्ता क्षेत्रहरुमा पर्यटक आकर्षित गर्नको लागि पर्यटन पुर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ ।

४८. राजारनी, आरुवोटे डाँडा, साग्मा जस्ता क्षेत्रमा होमस्टेलाई प्रवर्द्धन, व्यावसायिकरण गरी स्थानिय अर्थतन्त्रमन योगदान पुऱ्याउने निति लिईनेछ ।

४९. पर्यटन उद्योगमा पर्यटन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

५० . लेटाङ नगरपालिकाको स्थानिय भाषा, संस्कृति रीति-रिवाजलाई समेत प्रवर्द्धन हुने गरि फुड फेस्टिभल जस्ता कार्यक्रमलाई अगाडि बढाइनेछ ।

५१. व्यवसायिक पर्यटन, शैक्षिक पर्यटन, खेलकुद पर्यँटन, धार्मिक पर्यटन र स्वास्थ्य पर्यटनलाई प्राथमिकतामा राखी पर्यटनको विकास गरिनेछ । जसका लागि सार्वजानिक -निजि जनता साझेदारी (Public-Private-People Partnaership) को निति अवलम्वन गरिनेछ ।

५२. बालबालिकाको मनोरञ्जनका लागि प्रत्येक वडामा कम्तिका १ बालउद्यान क्रमशः निर्माण गदै लगिनेछ ।

५३. सिचाई सुविधा नपुगेका स्थानहरुमा सम्भाव्याताका आधारमा भूमिगत जलश्रोत समेत उपयोग गदै सिचाई सुविधा विस्तार गर्ने निति लिइनेछ ।

५४. लोखरा र लामिटारको बिचमा भूमिगत सिचाईको सम्भाव्यता अध्ययन गरी खेतियोग्य जमिनहरुमा सिचाई सुविधा पुऱ्याई उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने निति लिइनेछ ।

५५. लेटाङ नगर क्षेत्रभित्र रहेका पानीका मुहानहरु संरक्षण गर्ने निति लिइनेछ ।

५६. जनताको माग र आवश्यकताका आधारमा साना सिचाई योजनाहरु निर्माण गरि कृषिको उत्पादत्व अभिवृद्धि गरिनेछ । पैनि तथा नहरहरुको मुहानको संरक्षण तथा व्यावस्थापन गरिनेछ ।

५७. लेटाङ नगरपालिका ९ वटै वडाहरुमा रहेको सार्वजानिक जग्गा पहिचान गरि संरक्षण गर्ने निति लिइनेछ ।

५८. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यावस्थित बसोबासीको समस्या समाधानको लागि भइरहेको कार्यलाई निरन्तरता दिइनेछ ।

५९. नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वनहरुको संरक्षण संवद्धन वन पैदावारको उपभोग गर्दा सबै उपभोक्ताहरुले हिस्सेदारी हुने व्यवस्था मिलाइनेछ ।

६०. सामुदायिक वनहरुले वन पैदावारको बिक्रि वापत प्राप्त हुने रकम १० प्रतिशत रकम नगरपालिकाको संचितकोषमा दाखिला गर्नुपर्ने र सो रकमबाट नगरपालिकाले वन, वातावरण

संरक्षणमा सामुदायिक वनसँग साझेदारी तथा सहकार्यमा विकास निर्माण कार्य गर्ने निति लिइनेछ ।

६१. नगरपालिका भित्र संचालनमा आएका होटल, पसल तथा विभिन्न व्यवसाय गरेका व्यवसायिहरुलाई नगरपालिकामा अनिवार्य रुपमा दर्ता गर्नुपर्ने निति लिइनेछ ।

६२. नगरक्षेत्रमा रहेका टृक्ते सामुदायिक वनमा रहेको एलानी जग्गालाई डिभिजन वनकार्यलयसँग समन्वय गरी पार्क, खेलमैदान र विभिन्न पूर्वाधारका संरचनाहरु निर्माण गर्ने व्यावस्था मिलाइनेछ ।

## ख) सामाजिक विकास नीति

६३. सामाजिक सुरक्षा, संरक्षण सशत्तिलकरण एवं समतामूलक न्याय मार्फत सामाजिक न्याय प्रर्वद्धन हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६४. कोभिड-१९ लगायत अन्य रोग तथा महामारी रोकथाम, नियन्त्रण र उपचारको सुनिश्चितताको लागि प्रतिवद्ध रहि नगरबासीको जीवन रक्षा गर्न सवै उपयाहरु अवलम्वन गरिनेछ ।

६५. समुदायस्तर सम्म कोभिड-१९को प्रभावकारी खोजपड्ताल, परीक्षण पहिचान र उपचारको लागि प्रदेश एवं संघीय सरकार सँग प्रभावकारी समन्वय गरी निशुल्क उपचारको प्रवन्ध मिलाइनेछ ।

६६. महामारी रोकथाम नियन्त्रण गर्न दक्ष जनशक्तिको व्यवस्था गर्न क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

६७. कोभिड-१९ को जाखिम कम गर्न विभिन्न स्थानहरुमा खटिने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी, सहयोगी र चालकहरुलाई विमाका साथै जोखिम तथा प्रोत्साहन भत्ताको व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

६८. कोभिड-१९ लगायत अन्य विपदको प्रभाव कम गर्न जनचेतना, खोज तथा उद्धार,पुनस्थापना र पुर्ननिर्माणमा सबै सहयोगी निकायहरुको पहिचान र परिचालन गर्ने नीति लिइनेछ ।

६९. मौलिक हकको रुपमा रहेका गुणस्तरिय स्वस्थ्य सेवा सबै नगरबासीको पहुँचमा पुऱ्याउन पुग्ने गरी आधारभुत स्वस्थ्य सेवालाई थप प्रभावकारी बनाउन निःशुल्क औषधी वितरण,स्वस्थ्य संस्था र जनशक्तिको क्षमता अभिवृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

७०. स्वस्थ्य शिक्षा, सूचना तथा संचार कार्यक्रकलाई उच्च प्राथमिकता दिदै जनस्वस्थ्य प्रवर्धन गरिनेछ ।

७१. समग्र जनस्वस्थ्य सेवा प्रबाहमा सुधार गदै उपकरण, औषधी तथा जनसक्तिको अभाव हुन दिइने छैन ।

७२. प्राथमिक स्वस्थ्य केन्द्रलाई नगर अस्पतालका रुपमा सेवा सञ्चालन गर्न भौतिक संरचना निर्माण सम्पन्न गरिनेछ ।

७३. गुणस्तरिय स्वस्थ्य सेवा सुनिश्चितताका लागि सक्षम, प्रभावकारी र जवाफदेही समन्वय अनुगमन र नियमन संयन्त्रको विकास गरिनेछ ।

७४. नागरिकको स्वस्थय जीवन प्रवर्द्धनका लागि विशेषज्ञ सहितको स्वास्थ्य शिविर, विपन्न नागरिक स्वास्थ्य बिमा र जटिल तथा दिर्घ रोगी तथा विपन्न नागरिक उपचार खर्च सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७५. आधारभुत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच अभिवृद्धि गर्न एक वडा एक स्वास्थ्य केन्द्रलाई थप गुणस्तरीय सेवा प्रदान गर्न संस्थागत रुपमा सक्षम बनाइनेछ ।

७६. कुपोषण न्यूनिकरण गर्न वृहत पोषण विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

७७. मातृ तथा नव शिशु मृत्यूदर न्यूनीकरण गर्न अत्यावश्यक पूजनन् स्वास्थ्यमा पहुँच तथा उपयोगका वृद्धिका लागि थप कार्यक्रम सञ्चालन गरिनेछ ।

७८. पूर्ण खोप सुनिश्चितता र दिगोपनका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

७९. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई प्रोत्साहन र क्षमता अभिवृद्धि गरी सामुदाय स्तरमा प्रतिकारात्मक र प्रवर्द्धनात्मक कार्यमा परिचलन गरिनेछ ।

८०. आङ खस्ने रोग लागेका विपन्न महिलालाई उपचारका लागि थप आर्थिक सहायता गर्ने नीति लिइनेछ ।

८१. दलित, अदिबासी जनजाति, महिला,विपन्न, पिछडा वर्ग, सिमान्तकृत र अन्य सामुदायिकका ईच्छुक युवाहरुलाई लोकसेवा आयोग,शिक्षक सेवा आयोग लगायत प्रतियोगितात्मक परीक्षा तयारी कक्षा संचालन गरी सशक्तिकरण गर्ने नीति लिइनेछ ।

८२. राष्ट्रिय/अन्तराष्ट्रिय खेलहरुमा सहभागि जनाउने नगरबासी खेलाडीहरुलाई उचित पुरस्कार सहित सम्मान गर्ने नीतिलाई आगामी वर्ष समेत निरन्तरता दिइनेछ ।

८३. नगरस्तरीय यूवा तथा खेलकुद समिति मार्फत यूवा तथा खेलकुद कार्यक्रम पहिचान एवं सञ्चालन गरिनेछ ।

८४. प्रत्येक वडामा कम्तिमा १ (एक) खेल मैदान निर्माण तथा स्तरोन्नत्ती गरी खेलकुदको विकास गर्ने नितिलाई निरन्तरता दिइनेछ ।

८५. रोजगार सेवा केन्द्र मार्फत बेरोजगार अभिलेखीकरण र न्यूनतम रोजगारको प्रवन्ध गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

८६. बाल विकास केन्द्रका सहयोगी कार्यकर्ता तथा विद्यालय कर्माचारीलाई नेपाल सरकारको नीति अनुसार थप रकम दिने व्यवस्था मिलाइनेछ ।

८७. कोभिड-१९ को महामारीमा विद्यालय स्तरमा सिकाई निरन्तरता दिनका लागि उपयुक्त बैकल्पिक विधिको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

८८. बैकल्पिक सिकाईका लागि थप पाठ्यसामाग्री निःशुल्क वितरण गरिने नीति लिइनेछ ।

८९. सिकाइमा दिगो, समावेशी, समतामूलक र गुणस्तरिय अवसरहरु सिर्जना गर्न अवसरहरुको न्यायोचित उपयोगबाट आर्थिक रुपान्तरणका लागि मानव संशोधनको विकास गर्न विद्यालयहरुको सुधार गरिनेछ ।

९०. शैक्षिक संस्थाहरुलाई अन्तरिक सक्षमता, गुणस्तर एवं उच्च कार्य सम्पादनका आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

९१. विद्यालयमा कम्प्युटर, खानेपानी,शौचालय एवं विजुली बत्तीको दिगो व्यवस्थापन गरी अपाङ्गतामैत्री, बालमैत्री एवं छात्राछात्रमैत्री विद्यालयको दिगोपनका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९२. विद्यालयहरुको भौतिक अवस्थामा सुधार ल्याउन विद्यालय भवन निर्माण एवं मर्मत सम्भार गरिनेछ ।

९३. शैक्षिक संस्थाको सक्षमता, पारदर्शिता र जवाफदेहीता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९४. शैक्षिक क्रियाकलापमा विविधता ल्याउन अतिरिक्त क्रियाकलाप तथा खेलकुद प्रतियोगिता सञ्चालनको व्यवस्था मिलाइनेछ ।

९५. निःशूल्क पाठ्यपुस्तक,छात्रवृत्ति,पुस्तकलय, विज्ञान प्रयोगशाला निर्माण लगायत शैक्षिक अनुदानको प्रभावकारी उपयोगको व्यवस्था गर्न आवश्यक प्रवन्ध गरिनेछ ।

९६. विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार ल्याउन विद्यार्थी सहायता कक्षा (कोचिङ) सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

९७. विद्यालयको सुधार समुदाय स्तरबाटै गर्न समुदाय, स्वयंसेवी संस्था र गैर सरकारी संस्थाहरुको पहिचान गरी परिचलन गरिनेछ ।

९८. यूवाहरुलाई शिक्षा, परामर्श र खेलकद गतिविधिको माध्यमबाट गुणस्तरिय मानव पुजीँको रुपमा विकास गर्न खेलकुद प्रतियोगिता सञ्चालन र अवसरको व्यवस्था मिलाईनेछ ।

९९. गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक तथा विज्ञान विषय र उच्च शिक्षा अध्ययनका लागि छात्रावृद्धि दिने नीतिलाई निरन्तरता दिइनेछ ।

१००. छात्रासँग उपप्रमुख कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१०१. विद्यालयहरुमा विधार्थी संख्या र विषयगत रुपका शिक्षक दरबन्दी मिलाउने गरी शिक्षक व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०२. विद्यालयहरुमा विद्युतिय हाजिरी लगायत इनटरनेट तथा इन्ट्रानेट जडान गरी शिक्षामा प्रविधिको उपयोग गर्ने नीति लाई निरन्तरता दिइनेछ।

१०३. नगरपालिका क्षेत्रमा छात्रावास भवन निर्माण गर्न स्वीकृत डिपिआर अनुसार संघ र प्रदेश सरकार समेतको सहयोगमा भवन निर्माण गरिनेछ ।

१०४. नगरपालिकाको उच्च शिक्षा प्रदान गर्ने लेटाङ क्याम्पसको विकासमा सहयोग गर्ने नीति लिइनेछ।

१०५. समावेशी विकासको लागि विगत आ.व.हरुमा संचालन भईरहेका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१०६. आगामी वर्षमा विद्यावारिधी हाँसिल गर्ने, विशेषज्ञ डाक्टर, ईन्जिनियर, चार्टड एकाउण्टेन्ट ( सिए) लगायतका विशेष क्षेत्रहरुमा विज्ञता हाँसिल गर्ने नगरबासी व्यक्तित्वहरुलाई सम्मान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०७. लागुपदार्थ दुर्व्यसनी न्यून गर्न सचेतना तथा नियन्त्रणका लागि विद्यालयतहमा कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ ।

१०८. टोल विकास संस्थाहरु मार्फत सामुदायिक विकास, सरसफाई, सामुदायिक सुरक्षा, सामुदायिक सहभागिता र सशक्तिकरणका कार्यक्रमहरुलाई प्रथामिकता दिइ प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१०९. नगरबासीहरुलाई स्वच्छ खानेपानीको दिगो व्यावस्थापन गर्न नयाँ खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन र संचालनमा आएका खानेपानी आयोजनहरुको मुहान संरक्षण, नियमित मर्मत संभार गर्न लाभग्राही समुदाय र नगरपालिकाको सहभागितामा कार्यक्रम संचालनको व्यवस्था मिलाइनेछ ।

११०. आधारभूत शिक्षा,स्वास्थ्य, भौतिक पूर्वाधार र खानेपानीको उचित प्रवन्ध गरी सबै वडामा सन्तुलित विकासको नीति लिइनेछ ।

१११. नगर क्षेत्र भित्रका परम्परागत श्रम, सिप, प्रविधि,भाषा,कला, साहित्य, आदिबासी जनजाति, दलित लगाएका विशिष्ट संस्कृतिहरुको पहिचान,संरक्षण र संवर्द्धन गरिनेछ ।

११२. मौलिक हकको रुपमा रहेको सामाजिक न्यायको हक कार्यान्वयनमा नगरको श्रोत साधानलाई न्यायोचित वितरणको व्यवस्था गर्ने नीति लिईनेछ ।

११३. नगर क्षेत्रभित्र रहेका वृद्धवृद्धा, अशक्त,अपांगता र कडा रोगहरुले पिडित मानिसहरुलाई सामाजिक सुरक्षा र संरक्षणको कार्यक्रम मार्फत आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

११४. समाजमा घट्ने सवै प्रकारका हिंसा,छुवाछुत, विभेद, कुरीतिहरुको उन्मुलन गर्नको लागि समाजिक चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

११५. गैरसरकारी संस्थाबाट सम्पादन हुने कार्यक्रहरु एकद्धार प्रणाली मार्फत समावेशी विकासका लागि नगरपालिकाको आवश्यकताको क्षेत्र अनुसार कार्यक्रम संचालन तथा व्यावस्थापन गर्ने नीति लिइनेछ ।

११६. कोभिड -१९ को आर्थिक जाखिम न्यूनिकरण गर्न अत्यवश्यक वाहेकका तालिम, भ्रमण तथा गोष्ठिीहरुलाई कम गरी उत्पादनशील क्षेत्रहरुमा मात्र लगानी गर्ने नीति लिइनेछ ।

११७. जातजाति ,धर्म र सामुदाय अनुसार विवाह, व्रर्तबन्ध,मेला, जात्रा,पर्व पराम्परागत एवं समाजिक कार्यहरु र सभा समारोहमा स्वास्थ्य सुरक्षा सम्बन्धी प्रोटोकलहरुलाई व्यवहारको रुपमा विकास गर्न गराउने नीति लिइनेछ ।

११८. गरिवी निवरण एवं समावेशी विकास गर्न विपन्न परिवारका लागि विपन्न नागपरिक पहिचान, सहायता र संरक्षणको नीतिलाई निरन्तरता दिइनेछ ।

११९. विप्त बाट प्रभावित व्यक्ति परिवारको सामाजिक सुरक्षा र संरक्षणको आवश्यक प्रवन्ध गरिनेछ।

१२०. बालविवह मुक्त नगरपालिका घोषण र दिगोपनको लागि समुदाय र विद्यालय स्तरमा थप सचेनामुलक कार्यक्रमहरु संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२१. प्रत्येक विद्यालयमा बालक्लव, वडा र नगर स्तरिय बाल सजांल गठन गरी बालमैत्री नगरपालिका घोषण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२२. जेष्ठ नागरिकहरुको अनुभव, ज्ञान र सीपलाई पुस्ता हस्तान्तरण कार्यक्रमहरु र जेष्ठ नागरिक दिवा भेला केन्द्रहरु संचालन गर्ने नीति लिइनेछ ।

१२३. अपांगता भएका व्यक्तिहरुको पहिचान, सशक्तिकरण, सहभागिता, सहायता र संरक्षणको व्यवस्था मिलाइनेछ ।

१२४. नगरपालिकालाई अपांगता एवं महिला मैत्री बनाउने नीति लिईनेछ ।

१२५. विगत १२ वर्ष देखि श्रीमान वेपत्ता भएको महिलाहरुको जीवनयापनलाई सहज बनाउन आवश्यक सहयोग र संरक्षण गरिनेछ ।

१२६. हिंसा पिडित तथा जोखिममा रहेका महिला तथा बालबालिकाहरुका लागि पुर्नस्थापना केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।

१२७. गर्भावस्था देखि हुन सक्ने लैङ्गिक हिंसाको अन्त्य गर्न छोरी बचाउ, पढाउँ, सक्षम बनाउँ कार्यक्रमहरु संचालन गरिनेछ ।

१२८. महिला, बालबालिका, आदिबासी जनजाति,दलित पिछडिएको वर्ग, अपाङ्गता भएका व्यक्ति र विपन्न वर्गाको क्षमता विकास, सशक्तिकरण र मूलप्रवाहीकरणका कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

१२९. घरेलु हिंसा,लैङ्गिक हिसा तथा सामाजिक अपराध न्यूनीकरण गर्न गैरसरकारी संस्थाहरु समेतलाई पहिचान गर्ने नीति लिइनेछ ।

१३०. बालबालिका र किशोरकिशोरी हिसां तथा जोखिम न्यूनिकरणका लागि जीवनोपयोगी शिक्षा एवं सीपमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## ग) भौतिक पूर्वाधार सम्वन्धी नीति

१३१. नगरपालिकाका गौरवका आयोजना (भुवा खोलाका पक्की पुल,खेरुवा खोलामा पक्की पुल, वडा नं ४ कृषि हाटबजार, प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण) तथा बहुवर्षिय कार्यक्रम आयोजनाहरुलाई बजेट सुनिश्चित गरी अन्य योजना तथा कार्यक्रममा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।

१३२. कोभिड-१९ महामारीका कारण रोजगार गुमाई आफ्नो गाउँ फर्किएका जनशक्तिलाई उद्यमशीलता विकास र रोजगारका अवसर सिर्जना गर्न पूर्वाधार निर्माण,उद्यमशीलता र रोजगारका कार्यक्रम अगाडि बढाइनेछ । नगरपालिका क्षेत्र भित्र विकास निर्माणका योजनाहरु सञ्चालन गर्दा सम्भव भए सम्म मेसिनहरुको प्रयोग कम गर्दै श्रमप्रधान प्रविधिको प्रयोग गरी रोजगारी सिर्जना गर्ने नीति लिइनेछ ।

१३३. कोभिड-१९ का कारण समयमै सम्पन्न हुन नसकेका नगरपालिकाको आफ्नै श्रोतबाट संचालन हुने योजनाहरुको ६ महिना म्याद थप गर्ने व्यवस्था मिलाइनेछ ।

१३४. लेटाङ नगर क्षेत्रभित्र आवश्वकता अनुसार कालोपत्रे सडक निर्माण गर्दै जाने नीति लिईनेछ ।

१३५.नगर र वडाबाट आयोजना र कार्यक्रम तर्जुमा गर्दा बजेटका सवै क्षेत्रहरु समेटी योजनाहरु तर्जुमा गर्ने नीति अवलम्वन गरिनेछ ।

१३६. उपभोक्ता समिसतद्धारा कार्य गर्दा १० लाख सम्मका योजनामा कम्तिमा २०% श्रम वा लागत सहभागिता बेहोर्ने व्यवस्था मिलाइनेछ । १० लाख भन्दा माथिका योजनामा अनिवार्य रुपमा कम्तिमा २०% लागत सहभागितामा जम्मा गर्नुपर्ने व्यवस्था मिलाइनेछ । कालोपत्रे, पुल,भवन निर्माण गर्ने योजना अनिवार्य टेण्डर प्रक्रिया बाट गरिनेछ । नगरपालिकाको आफ्नै श्रोतबाट विनियोजित बजेटबाट कालोपत्रे गर्दा यथासम्भव २० प्रतिशत लागत सहभागिता सहित टेण्डर प्रक्रियाबाट सञ्चालन गरिनेछ ।

१३७. नगरको विद्युतसेवा नपुगेका क्षेत्रहरुमा उज्यालो लेटाङ अभियान अन्तर्गत आगमी २ वर्ष भित्र सवै घरधुरीमा विधुत विस्तार गर्नको लागि लागि बजेट विनियोजन गरिनेछ ।

१३८. खेलकुद विकासका लागि स्टेडियम निर्माणको लागि सम्भाव्यता अध्यान भइसकेकाले संघीय सरकार, प्रदेश सरकारसँगको समन्वयमा स्रोतको लागि खोजि गरी निर्माण गरिनेछ ।

१३९.नगरपालिकाका ९ वटै वडाहरुमा ठूला पूर्वाधार अन्तर्गत कालोपत्रे सडक निर्माण अभियानका रुपमा योजना संचालन गर्ने नीति लिइनेछ ।

१४०. समपुरक कोषबाट संचालन गरिने योजनाहरुमा नगरपालिका र उपभोक्ता बीच ६०:४० को अनुपातमा श्रोत जेटाई संचालनको व्यवस्था मिलाइनेछ । अन्य निकायहरुसँग साझेदारीमा योजना संचालन गर्दा प्रचलित कानुन बमोजिमको सहभागितामा संचालन गरिनेछ ।

१४१. नगरक्षेत्रमा रहेका चिसाङ,तेलि,मोरङे,खेरुवा,भेलुवा र मुर्चुङे खोलाहरुमा तटवन्धनको कार्यलाई निरन्तरता दिइनेछ ।

१४२. वडा नं. ४ र ९ मा निर्माणधिन वडा प्रशासकीय भवन निर्माण समयमै सम्पन्न गरी भवन नभएका वडामा भवन निर्माणका लागि जग्गा प्राप्ति सम्बन्धी कार्य अघि बढाई क्रमशं निर्माण गर्दै लगिनेछ ।

१४३. भौतिक पूर्वाधारको दिगोपनाको लागि तारजाली,खानेपानी,ह्यम पाइप,जस्तापाता,विधुत पोल खरिद गरी विभिन्न वडाको आवश्यकता तथा प्रथामिकता पहिचान गरी वितरण गर्ने नीति लिइनेछ ।

१४४. तेली खोला, भुवा खोला तथा चिसाङ खोलाबाट भूमिगत सिचाईका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

१४५. पूर्वाधारका योजनाहरु संचालन गर्दा वातावरण विनास हुन नदिई पूर्वाधारको दिगोपना कायम गरी पर्यावरणको संरक्षण गर्ने नीति लिइनेछ ।

१४६. नगर तथा वडा स्तरिय ठूला पूर्वाधारका योजनाहरुमा केन्द्र र प्रदेश सरकारसँग साझेदारीमा समपुरक कोष राखी अनुदान माग गरी योजना कार्यन्वयन गर्ने नीति लिइनेछ ।

१४७. निर्माणधीन स्वास्थ्य संस्थाहरुको भवन निर्माण कार्य समयमै सम्पन्न गर्दै जीर्ण अवस्थामा रहेको स्वास्थ्य संस्थाहरुको पुन:निर्माण गरिनेछ ।

१४८. ३ लाख भन्दा माथिका आयोजनाहरुको संचालन गर्दा योजना सूचना पाटि अनिवार्य राख्ने नीति लिइनेछ ।

१४९. वडादेखि वडासम्म र वडा देखि नगरपालिकाको केन्द्रसम्म जोड्ने रणनितिक सडकहरु पहिचान गरी क्रमशः निर्माण गदै लैजाने नीति लिइनेछ ।

१५०. लेटाङ नगरपालिकाभित्र रिङरोडको सम्भाव्यता अध्ययन गरिनेछ ।

१५१. सिचाईको दिगो विकासको लागि कुलो,पैनी,नहरको निरन्तर मर्मत सुधार तथा स्तरोउन्नती गरिनेछ ।

१५२. लेटाङ नगर प्रवेश गर्ने स्थानमा आधुनिक प्रवेशद्धार निर्माण गरिनेछ ।

१५३. सबै वडाहरुमा व्यवस्थित हाटबजारका लागि संरचना निर्माण गरिनेछ ।

१५४. नगरपालिकाको विकास आयोजनाहरुको भुक्तानी गर्दा योजना व्यवस्थापन खर्च (कन्टेन्जेन्सी) ३ प्रतिशत कायम गरिनेछ ।

१५५. योजना कार्यान्वयनको क्यालेण्डर बनाई सोहि आधारमा योजना तथा कार्यक्रमहरु कार्यन्वयन गरिनेछ ।

**घर नक्सा पास सम्बन्धि नीति**

१५६. नगर क्षेत्रमा घर नक्सा पास सम्वन्धमा कार्यविधि बनाई घर नक्सा पास प्रक्रिया पूरा गरेका घर तथा भवनलाई निर्माण इजाजत दिइ साथै मापदण्ड पूरा गरी बनेका घरहरुलाई घर निर्माण सम्पन्नताको प्रमाण पत्र दिइनेछ ।

१५७. मापदण्ड पूरा भएका र मिति २०७४/०६/२९ अगापडि घर नक्सा पास नगरी बनेका घरहरुलाई भवन तथा घर नक्सा पास निर्माण मापदण्ड बमोजिम अभिलेखीकरणको प्रमाणपत्र एकपटकको लागि दिइने नीति अवलम्वन गरिनेछ ।

१५८. प्रत्येक वडामा भवन निर्माण गर्दा तालिम प्राप्त डकर्मीबाट मात्र भवन निर्माण कार्य गर्ने पद्धतिको विकास गर्ने नीति अख्तियार गरिनेछ ।

१५९. व्यक्तिगत तथा सामुदायिक भवन र अन्य सार्वजानिक स्थलहरु निर्माण गर्दा भुकम्पिय सुरक्षायूक्त संरचना निर्माण गरी सम्भावित जोखिमलाई कम गर्ने नीति लिइनेछ ।

१६०. नगर क्षेत्र भित्र बन्ने भवन संरचनाहरु भुकम्प प्रतिरोधि बनाउनको लागि बनेको भवन मापदण्डहरु अनिवार्य पालना गराइनेछ ।

१६१. नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्दा अनिवार्य रुपमा घरनक्सा पास गर्ने नीति लिईनेछ ।

१६२. सार्वजनिक भवन निर्माण गर्दा अपाङ्गतामैत्री हुने गरी निर्माण गरिनेछ ।

**घ) वन, वातावरण तथा बिपद् व्यवस्थापन सम्वन्धी नीति**

१६३. कोरोना तथा अन्य महामारीले सिर्जना गरेको विपद्बाट हुने क्षति न्यूनिकरण गर्न राहत र उद्धारका लागि नगरको स्थानिय तह प्रकोप व्यवस्थापन कोषलाई निरन्तरता दिईनेछ । प्रत्येक वडामा आवश्यकता अनुसार विपद् व्यवस्थापन शिर्षकमा बजेट विनियोजन गरिनेछ ।

१६४. विपद् सचेतना,सीप तथा क्षमता विकास र नमूना अभ्यास कार्यलाई सहभागितामुलक बनाई सचेत र सुरक्षालाई संस्कारका रुपमा विकास गरिनेछ । विपद् प्रभावित व्यक्तिहरुको तत्काल खोज तथा उद्धार कार्य सम्वन्धी निकायसगँको समन्वयमा गरिनेछ ।

१६५. संघीय सरकार र प्रदेशसरकारसगँको सहकार्यमा विपद् प्रभावितहरुको लागि पूर्णनिर्माण तथा पुनस्थापना गरिनेछ ।

१६६ विपद्बाट प्रभावित भई घरविहिनहरुलाई तत्काल व्यवस्थापन गर्नका लागि सामुदायिक भवनहरुको निर्माण गर्दै लगिनेछ । आवश्यकता पर्दा सार्वजनिक भवनहरुमा राख्ने व्यवस्था मिलाइनेछ।

१६७. विश्व महामारीको रुपमा फैलिएको काभिड-१९ तथा अन्य महामारी रोकथाम तथा नियन्त्रणको लागि आवश्यक पर्ने सामाग्री व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१६८. वन संरक्षण तथा दिगो विकासका लागि सामुदायिक वन उपभोक्ता समूह र वडा कार्यालयको समन्वय र सहकार्यमा वन संरक्षण, व्यवस्थापन तथा दिगो विकास मार्फत गरिबी न्यूनिकरण गर्ने नीति लिइनेछ ।

१६९. जलवायू परिवर्तनबाट परेको र पर्न सक्ने असरहरुको सामना गर्न सक्ने क्षमता अभिवृद्धि गर्ने र न्यूनिकरण सम्वन्धी जनचेतनामुलक तथा अन्य कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

१७०. स्थानिय स्रोत नदिजन्य पदार्थको उत्खनन् ,संरक्षण र दिगो उपयोगका लागि आइइ (IEE) गर्ने व्यवस्था मिलाई सो प्रदिवेदन बमोजिम कार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१७१. भौतिक पूर्वाधार बिकास गर्दा वहुप्रकोप प्रतिरोधि संरचना निर्माण गरी लेटाङ नगरपालिकालाई सरक्षित नगरको रुपमा विकास गर्ने नीति लिईनेछ ।

१७२. पशुवधशालाको स्थापना,गुणस्तरिय मासु पसलको लागि मापदण्ड बनाई अनिवार्य पालना गर्न लगाई त्यस्ता व्यवसाय नगरमा दर्ता गराउने नीति लिइनेछ ।

१७३. post odf कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

१७४. फोहोर व्यवस्थापनका लागि श्रोतमानै कम गर्न Reduce,Re-use,Recycle को नीति लिइनेछ । क्षेत्र समेट्ने गरी Land field site को लागि जग्गा पहिचान गरी आगामी वर्षहरुमा क्रमशः निर्माण गरिनेछ ।

१७५. Green and clean City विकासका लागि सडक निर्माण भएका नगरका मुख्य सडकको दुवै तर्फ बहुउपयोगी विरुवा लगाउने नीति अवलम्बन गरिनेछ ।

१७६. टोल विकास संस्था मार्फत विपद् जोखिम न्यूनिकरणको लागि पूवा् तयारी लगायतका क्रियाकलापहरुको व्यवस्थित कार्ययोजना बनाई वातावरण मैत्र स्थानिय शासन अवलम्बन गरिनेछ ।

१७७. नगरको सौन्दर्य अभिवृद्धि तथा एकरुपता कायम गर्न सवै नगरवासीहरुले कम्तिमा एक घर एक फलफूलको विरुवा रोप्ने नीति लिईनेछ ।

१७८. स्वच्छ उर्जा जलविद्युत,पुनःनविकरणीय तथा वैकल्पिक उर्जाको प्रयोग बढाउने तथा उर्जा क्षमता अभिवृद्धि एवं हरित प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै हरितगुह ग्यासको उत्सर्जन न्यून गर्न जनचेतना अभिवृद्धि सहितका कार्यक्रमहरु संचालन गर्ने नीति लिइनेछ ।

१७९. आगलागिबाट क्षति हुन नदिन वारुणयन्त्रको उचित व्यवस्थापन गरिनेछ ।

१८०. उद्धार तथा राहत सामाग्रीको भण्डार र परिचालन वडा कार्यलयबाट हुने व्यवस्था मिलाईनेछ ।

१८१. निजि तथा सरकारी स्वास्थ्य संस्थाबाट निस्कने फोहोर (Medical Waste) लाई व्यवस्थापन गर्ने नींीत लिइनेछ ।

१८२. स्थानिय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी कार्यन्वयन गरिनेछ ।

१८३. राष्ट्रपति चुरे संरक्षण कार्यक्रमसगँ समन्वय गरी चुरे संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१८४. भूक्षय हुने चुरे क्षेत्रका सामुदायिक वनहरुलाई भूक्षय रोकथाम तथा नियन्त्रण गर्न मद्दत पुग्ने बिरुवा लगाउन उत्प्रेरित गरिनेछ ।

१८५. चुरे क्षेत्रका खोलाहरुमा वायोइन्जिनियरिङ सहितको तटबन्धन गर्ने नीति लिइनेछ ।

१८६. चुरे संरक्षणमा उत्कृष्ठ कार्य गर्ने सामुदायिक वनलाई पुरस्कृत गर्ने नीति लिइनेछ ।

१८७. परम्परागत देखि भोगचास गर्दै आएका धार्मिक वनहरुको संरक्षण गर्दै वन तथा वातावरणलाई दुरगामी असर नपर्ने गरी मठ,मन्दिर,चैत्य,गुम्बा,चर्च ,मस्जिद आदि निर्माण गर्न समन्वयकारी भूमिका निर्वाह गरिनेछ ।

**ङ) सुशासन तथा संस्थागत विकास नीति**

१८८. स्थानिय सेवालाई सक्षम, सुदृढ, व्यवसायिक, सेवामूलक र उत्तरदायी बनाउन स्थानिय सेवा सञ्चालन तथा व्यवस्थापन नीति र ऐन जारी गरी कार्यान्वयनमा ल्याइनेछ ।

१८९. नगरपालिकाको कार्य प्रकुति,कार्य बोझ र औचित्यताको आधारमा आवश्यक पर्ने जनशक्तिका लागि “संगठन तथा व्यवस्थापन संरक्षण” सम्पन्न गरी नियमित जनशसक्त पदपूर्तिको व्यवस्था मिलाईनेछ ।

१९०. सेवाप्रभाहमा कर्मचारीको उत्प्रेरण र मनेवललाई उच्च राख्न आवश्यक प्रोत्साहन सुविधाको व्यवस्था मिलाइनेछ ।

१९१. सेवाप्रभाहमा प्रभावकारीता ल्याउन तथा कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१९२. सवैधानिक प्रावधानअनुसार स्थानिय तहका एकल अधिकार र साझा अधिकार सूचीमा रहेका विषयहरुसगँ सम्वन्धित बाँकी रहेका आवश्यक कानुनहरु क्रमश:निर्माण गरिनेछ । हालसम्म तर्जुमा भएका कानुनहरुको कार्यान्वयन प्रभावकारीताको अध्ययन गरिनेछ ।

१९३. नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी गुणस्तरीयर प्रविधिमैत्री बनाउदै सेवा प्रवाहलाई सर्वसुलभ बनाइनेछ ।

१९४. सुशासनका लागि जनतासगँ मेयर कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ ।

१९५. नगरको वेभसाइट तथा विद्युतिय एप्सहरुको प्रयोग मार्फत आवधिक सूचना प्रकाशन र गुनासो व्यवस्थापन गरी सुशासन प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१९६. नगरपालिकाको सेवा प्रवाह गर्ने सवै इकाइहरु विच इन्टरनेट र इन्ट्रानेटको माध्यमबाट आवद्ध गरी संस्थागत क्षमता वृद्धि एवं अनुगमनलाई प्रभावकारी बनाइनेछ ।

१९७. सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउन कार्यालयले सूचना प्रविधिको अधिकतम प्रयोग गरी विधुतिय शासनको पूर्वाधार तयार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१९८. नगर क्षेत्र भित्र सञ्चालन हुने ५ लाख सम्मका योजनाहरु वडास्तरिय अनुगमन तथा सुपरिक्षण समिति र ५ लाख भन्दा माथिका योजनाहरु नगरस्तरिय अनुगमन तथा सुपरिवेक्षण समिचि मार्फत अनुगमन गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

१९९. नगरको अवधिक विकास योजनालाई अन्तिम रुप दिई कार्यान्वयनमा ल्याइनेछ ।

२००. आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाई बेरुजु हुन नदिने नीति लिइनेछ ।

२०१. अन्तिम लेखा परीक्षणबाट औल्याइएको बेरुजु फर्छयौट गर्न कार्ययोजना सहित फर्छयौट गर्ने नीति लिाइनेछ ।

२०२. नगरपालिकाले सञ्चालना गरेको गतिविधिको पारदर्शीता एवं जवाफदेहीताका लागि नतिजामुखी सार्वजनिक सुनाई सार्वजनिक परिक्षणलाई निरन्तरता दिइनेछ ।

२०३. जनप्रतिनिधिहरुको लागि क्षमता विकास कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

२०४. उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

२०५. नगरका प्रमुख चोकहरुमा राखिएको सिसि क्यामेराको उपयोग, नागरिक समाज र विभिन्न सरकारी निकायहरुको समन्वयमा नागरिक एवं व्यवसायिक सुरक्षाको प्रत्याभूति सहितको शान्त,सुरक्षित र समृद्ध लेटाङ नगरको स्थापना गर्ने कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

२०६. कोभिड-१९ संवेदनशील योजना तथा कार्यक्रमहरु प्राथमिकताका साथ कार्यन्वयन गरिनेछ ।

२०७. विकासलाई दिगो बनाउन अनुगमन मुल्याङ्कनबाट उत्कृष्ट काम गर्ने उपभोक्ता समिति पहिचान र सम्मान गर्ने नीति लिइनेछ ।

२०८. न्यायमा सवैको जीत स्थापित गर्न **"बेलैमा गरौ मिलाप, नगरौ बलाप"** भन्ने नारालाई साकार पार्न सम्पूर्ण मेलमिलापकर्ताहरुको भूमिका प्रभावकारी बनाइनेछ ।

२०९. न्यायिक समितिको संस्थागत क्षमता विकास गर्दै भरोसाको केन्द्रका रुपमा स्थापित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२१०. सबै क्षेत्रको सन्तुलित विकास मार्फत दिगो विकासको अवधारणलाई स्थापित गर्ने नीति लिइनेछ ।

२११. कार्यालयको क्षमता विकास सहित सार्वजनिक खरिद प्रक्रियालाई थप व्यवस्थित र पारदर्शी बनाउन ठूला खरिद तथा निर्माण कार्यमा ई-विडिङ प्रणालीको अवलम्वनलाई निरन्तरता दिइनेछ ।

२१२. उपभोक्ता हक हित र अधिकार संरक्षणका लागि स्वच्छ प्रतिस्पर्धा र औषधि तथा खाद्य बस्तुको आधारभुत गुणस्तर कायम गर्न बजार अनुगमनलाई थप प्रभावकारी बनाइनेछ ।

२१३. गैर सरकारी संस्थाहरुको जवाफदेहिता स्थापित गर्न एकद्धार प्रणलीलाई थप प्रभावकारी बनाउने उपायहरुको अवलम्वन गरिनेछ ।

२१४. बैक, वित्तिय संस्था तथा अन्य संस्थाहरुले व्यवसायिक सामाजिक उत्तरदयित्व बहन अन्तरर्गतका कार्य गर्ने वातावरण तयार गरिनेछ ।

## राजस्व परिचालन नीति

२१५. कर प्रशासनलाई चस्त दुरुस्त बनाई क्रमशः अनलाइन भुक्तानी प्रणलीको प्रयोग गर्ने नीति लिइनेछ ।

२१६. करको दरलाई समयानुकुल र बस्तुगत बनाई करको दायरा फराकिलो बनाइने नीति लिइनेछ ।

२१७. आन्तारिक आयमा बृद्धि गरी नगरपालिकालाई आत्मानिर्भर बनाउदै लगिनेछ ।

२१८. समयमा कर तिर्न सवै करदातालाई उत्प्रेरित गर्ने कार्यक्रमहरु सञ्चालन एवं खर्चमा पारदर्शिता ल्याउने नीति लिइनेछ ।

२१९. नगर क्षेत्र भित्र घर बहालबाट प्राप्त हुने आम्दानी गर्ने घरधनीबाट संघीय सरकारको नीति बमोजिम १०% बहाल कर उठाइनेछ ।

२२०. बहाल विटौरी करको लिने नीति बनाईनेछ ।

२२१. काभिड-१९ को कारण उद्योगी तथा व्यवसायीहरुलाई पर्न गएको क्षतिको राहत स्वरुप लेटाङ नगरपालिका क्षेत्र भित्रका उद्योगी तथा व्यवसायीलाई आ.व.०७८।०७९ को व्यवसाय नविकरण शुल्कमा ५० प्रतिशत छुट दिइनेछ ।

## आर्थिक वर्ष २०७८।०७९ का बजेटका उद्देश्यहरु तथा मूख्य मूख्य प्राथाकिमताहरु ।

**उद्देश्यहरु**

- कोभिड महामारी लगायतका रोग र विपद्बाट नागरिकको जीवन रक्षा गर्ने,
- लेटाङ नगरको समृद्धिको लागि आर्थिक गतिविधि एवम् विकास निर्माणका कार्यलाई तीव्रता दिने,
- आर्थिक, प्रकृतिक तथा मानवीय श्रोत साधनको अधिकतम उपयोग गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै गरिबी न्यूनिकरण गर्ने,
- मानवीय, ज्ञान, सिप तथा प्राविधिक दक्षताको अभिवृद्धि गर्न क्षकता विकास कार्यक्रम संचालन गर्दै स्वरोजगार सिर्जना गर्ने,
- नगरबाट प्रदान हुने सेवाहरु छिटो, छरितो, मित्तव्ययी र पारदर्शी रुपमा प्रवाह गर्दै सुशासन प्रवद्धन गर्ने ।
- आर्थिक, प्रकृतिक तथा मानविय श्रोत साधनको अधिकतम उपयोग गरी उत्पादन तथा उत्पादत्व अभिवृद्धि गर्दै गरिवी न्यूनिकरण गर्ने
- मानवीय ज्ञान, सीप तथा प्राविधिक दक्षताको अभिवृद्धि गर्न क्षमता विकास कार्यक्रम संचालन गर्दै स्वरोजगार सिर्जना गर्ने,
- नगर बाट प्रदान हुने सेवाहरु छिटो, छरितो, मितव्ययी र पारदर्शी रुपमा प्रवाह गर्दै सुशासन प्रवद्धन गर्ने ।

**बजेटका मुख्य मुख्य प्राथमिकताहरु :**

१. कोभिड- १९ रोकथाम, नियन्त्रण गर्न जनशक्ति र संरचनाको उचित व्यवस्थापन ।
२. गुणस्तरिय आधारभूत स्वास्थ्य सेवा तथा खानेपानीको प्रवन्ध ।
३. सामाजिक, आर्थिक, पूर्वाधार विकास तथा निर्माणधीन आयोजनाहरुको निर्माण कार्य सम्पन्न ।
४. कृषिको आधुनिकीकरण, कृषि उत्पादन तथा उत्पादत्वमा अभिवृद्धि, शीत भण्डारको स्थापना, कृषि उपजको बजारीकरण, कृषि क्षेत्रमा यूवाहरुको परिचालन ।
५. "गुणस्तरिय शिक्षा आजको आवश्यकता" नारा कार्यान्वियन गर्ने शैक्षिक गतिविधिहरु ।
६. आन्तिरिक श्रोतको अभिवृद्धि गर्दै स्रोतको दिगो व्यवस्थापन ।
७. प्राकृतिक प्रकोपको जोखिम न्यूनिकरण र वातावरण संरक्षण ।
८. उत्पादन अभिवृद्धि हुने तथा स्वरोजगारी सिर्जनाहरु हुने योजनाहरु सञ्चालन ।
९. सवै नागरिकमा विद्युत सेवाको पहुँच ।
१०. नदी नियन्नत्रणका लागि तटबन्धन तथा दिगो सिचांई ।
११. लिक्षित वर्ग, क्षेत्र, समुदायको क्षमता अभिवृद्धि तथा गरिबी न्यूनिकरण गर्ने कार्यक्रमहरु ।
१२. समाजिक सुरक्षा र संरक्षण ।
१३. शासकीय क्षमताको अभिवृद्धि र सुशासन ।

विनियोजन विद्ययेकमा समावेश भएका क्षेत्रगत योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको अनुमानको संक्षिप्त विवरण ।

लेटाङ नगरपालिकाको आगामि आर्थिक वर्ष २०७८/०७९ को लागि कुल बजेट ९० करोड ८६ लाख २७ हजार रुपैया विनियोजित गरेको छ । कुल विनियोजन मध्ये चालु तर्फ ४२ करोड १५ लाख ५७

हजार, पुँजीगत तर्फ ४८ करोड ७० लाख ७० हजार विनियोजन गरेको छ। कुल बजेटको चालु तर्फ ४६.४ प्रतिशत र पँजीगत तर्फ ५३.६ प्रतिशत रहेको छ। गत आ.व. २०७७/०७८ को बजेटमा ७७ करोड ६७ लाख ३२ हजार ८ सय १८ भन्दा आ.व. २०७८/०७९ का लागि विनियोजित बजेट १३ करोड १८ लाख ९४ हजार १ सय ८२ अर्थात १६.९८ प्रतिशतले बढेको छ। आगामी वर्षको लागि प्रस्तावित खर्च व्यहोर्ने अनुमानित श्रोत उल्लेख गर्न चाहान्छु। संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान रु १२ करोड ५० लाख, राजस्व वाडफाडबाट ९ करोड ८५ लाख ३६ हजार ४ सय ८० रुपाया र सशर्त अनुदान (शिक्षा,स्वास्थ्य, कृषि, पशु तथा महिला बालबालिका) तर्फको २० करोड ९३ लाख, संघीय सरकार समपुरक अनुदान १ करोड १५ लाख, संघीय सरकार विशेष अनुदान १ करोड ९९ लाख, संघीय सरकार अन्य अनुदान ५० लाख समेत समावेश गरेको छ। त्यस्तै प्रदेश सरकारबाट प्राप्त हुने समपुरक अनुदान रु १ लाख करोड, समानिकरण अनुदान ७२ लाख ११ हजार सशर्त अनुदान ५८ लाख ४३ हजार, आन्तरिक राजश्वबाट प्राप्त हुने १९ करोड ७१ लाख २ हजार ५ सय २०, गत वर्षको अनुमानित नगत मौजाद २० करोड, नगद सहभगिता १ करोड ५० लाख समेत समावेश गरेको छ । आगामी आर्थिक वर्षको कुल बजेटका २१.६९ प्रतिशत आन्तरिक आय रहने अनुमान गरेको छ ।

## आर्थिक वर्ष २०७८/०७९ को क्षेत्रगत बजेटको संक्षिप्त विवरण :

| सि.न | बजेटका क्षेत्र | कुल बजेट | बजेट प्रतिशत |
|---|---|---|---|
| १ | पूर्वाधार विकास | ४५ करोड ७० लाख ७० हजार | ५०.३० |
| २ | सामाजिक विकास | २८ करोड ४३ लाख १२ हजार | ३१.२९ |
| ३ | आर्थिक विकास | २ करोड ८६ लाख ५० हजार | ३.१५ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | २ करोड ८९ लाख ९५ हजार | ३.१९ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | १० करोड ९६ लाख | १२.०६ |
| | कुल जम्मा | ९० करोड ८६ लाख २७ हजार | |

### बजेटमा समावेश भएका केही प्रमुख क्षेत्रगत क्रियाकलापको संक्षिप्त विवरण

- कोभिड महामारीको रोकथाम, नियन्त्रण र उपचारको भरपर्दो व्यवस्था गरी सवै नगरबासीको जीवन रक्षा गर्न नगरपालिका प्रतिवद्ध छ । कोभिड-१९ को राकथाम, नियन्त्रण, उपचार र खोपको सुनिश्चता तथा अन्य स्वास्थ्य सम्वन्धि सेवा प्रदान गर्न २ करोड ७ लाख बजेट विनियोजन गरेको छ ।
- कृषिलाई आधुनिकीकरण, व्यवसायिकरण तथा बजारीकरण गर्न कृषि कार्यक्रमका लागि १ करोड बजेट विनियोजन गरेको छ ।
- जीवन उपयोगी तथा सीपयूक्त शिक्षा प्रदान गर्न विद्यालय शिक्षाको स्तरोन्ती गर्ने, बिद्यार्थी शिक्षक अनुपात, भौतिक पूर्वाधारको विस्तार, मर्मत, सम्भार, बाल बिकास केन्द्र शिक्षक र विद्यालय कर्मचारीको थप तलव प्रवन्ध गर्न लगायत शिक्षा सम्वन्धी अन्य क्रियाकलाप संचालन गर्न १ करोड ५३ लाख बजेट विनियोजन गरेको छ ।

- पशु पालन व्यवसायलाई व्यवसायिक बनाउन नल्श्र सुधार, बाखा, बँगुर पकेट कार्यक्रम, पशु स्वास्थ्य लगायतका क्रियाकलाप संचालन गर्न ६० लाख बजेट विनियोजन गरेको छ ।
- आर्थिक विकासका लागि सहकारी, पर्यटन, वित्तीय क्षेत्र लगायतका योजना आवश्यक बजेट विनियोजन गरेको छ ।
- वर्ग, महिला, बालबालिका, जेष्ठ नागकि अपाङ्गता भएका व्यक्तिहरु लक्षित कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेकोछ ।
- नगरपालिका केन्द्रबाट वडा नं. ७ सगँ सडक सञ्जाल जोड्ने भुवा खोला पक्की पुलको लागि क्रमागत रुपमा यस वर्ष ३ करोड बजेट विनियोजन गरेको छ । उक्त आयोजनामा प्रदेश सरकारबाट सकपुरक अनुदानमा ५० लाख बजेट प्राप्त भएको छ जसमा ३ करोड ५० लाखको स्रोत सुनिश्चत भएको छ । यस आ.व .मा पुल निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याइनेछ।
- वडा नं. ४ मा कृषि बजार निर्माणका लागि क्रमगत रुपमा यस वर्ष १ करोड ३१ लाख बजेट विनियोजन गरेको छ । संघीय सरकारबाट समपुरक अनुदानस्वरुप १ करोड १५ लाख बजेट विनियोजन भएको छ । उक्त आयोजनामा २ करोड ४६ लाखको स्रोत सुनिश्चत भै यस आर्थिक वर्ष भित्र निर्माण सम्पन्न गरी संचालन ल्याइनेछ ।
- लेटाङ नगरपालिकालाई पूर्व पश्चिक लोकमार्गसगँ जोड्ने लेटाङ-कानेपोखरी सडक कालोपत्रे गर्ने कार्य कोभिड १९ कारण समयमै सम्पन्न गर्न नसकिएकोले चालु आर्थिक वर्षमा दायित्व सिर्जना भएकाले १ करोड २० लाख बजेट विनियोजन गरेको छ ।
- नगरपालिका केन्द्रबाट वडा ५,८ र ९ सगँ सडक सञ्जाल जोड्ने खेरुवा खोलामा पक्की पुल निर्माणका लागि १ करोड ५० लाख बजेट विनियोजन गरेको छ । यस आयोजनामा प्रदेश समपुरक अनुदानमा ५० लाख बजेट विनियोजन भइ जम्मा २ करोडको स्रोत सुनिश्चत भएको छ ।
- उपभोक्ता सगँको साझेदारीमा कालोपत्रे सडक निर्माणका लागि १ करोड ५० लाख बजेट विनियोजन गरेको छ ।
- नगरपालिकाको प्रशासकीय भवन, मंगलबार हाटबजार निर्माण वडा नं. ८ शिवालय मन्दिर अतिथि भवन निर्माण वडा नं. ४, कोल्ट स्टोरेज भवन निर्माण, सर्पदंश भवन निर्माण, प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण,वडा नं. ७ वारंगी अधुरो स्वास्थ्य चौकी भवन निर्माण तथा सुधार, सामुदायिक भवन निर्माण वडा नं. ९ लगायत भवन निर्माणका लागि ६ करोड ५२ लाख बजेट सुनिश्चत गरेको छ ।
- राजारानी ताल सौन्दर्यकरणको लागि क्रमागत रुपमा यस वर्ष ७० लाख बजेट विनियोजन गरेको छ ।
- वडा नं. ६ मा पर्ने घुम्ति देखि लामिटारसम्म सडक कालोपत्रे गर्न ६० लाख बजेट विनियोजन गरेको छ ।
- गंगेचोक बाइपास सडक कालेपत्र कार्यका लागि ६० लाख बजेट विनियोजन गरेको छ ।
- चिसाङ झोलुङ्गे पुल छेउमा भूमिगत सिचाईका लागि आर.सि.सि डयाम निर्माण गर्न ५० लाख बजेट विनियोजन गरेकोछ
- राजारानी जाने बाटो छेउ देखि लोखरा सिरानसम्म सडक कालोपत्रे वडा नं.१ का लागि ४० लाख बजेट विनियोजन गरेको छ ।
- लेटाङ नगरपालिकाका क्रमागत योजनाका रुपमा रहेका वडा प्रशासकीय भवन निर्माण वडा नं. ४ र ९, आधारभूत स्वास्थ्य केन्द्र भवन निर्माण वडा नं. २,४,६ र ९, परिर्वतन मार्ग

कालोपत्रे, वडा नं. ४ मा ब्याडमिन्टल कवर्ड हल निर्माण, घुम्ति सडक कालोपत्रे वडा नं. ६, किर्तिमान सडक कालोपत्रे वडा नं. ३, का.ले.बु.दु.लि. सडक कालोपत्रे, विरेन्द्र मार्ग कालोपत्रे वडा नं. ६, डीपीएम कार्ग कालोपत्रे वडा नं. ९, पिएचसी देखि आधारभूत स्कुल सम्म सडक कालोपत्रे वडा नं. ३, लिटिल प्लावर/सिर्जनशिल मार्ग कालोपत्रे वडा नं. ५, माङहिम मार्ग कालोपत्रे वडा नं. ९, जय नेपाल मार्ग कालोपत्रे निर्माण वडा नं. ८ का लागि आवश्यक बजेट विनियोजन गरेको छ।

- विरन देखि त्रिशुली चोकसम्मको बाटो कालोपत्रे वडा नं.३, लेटाङ बसपार्क निर्माण वडा नं. ४, मुर्चुङे खोला पुल निर्माण वडा नं. १, तिनकुने पार्क निर्माण वडा नं. ४, स्मृति मार्ग सडक निर्माण वडा नं. ९, वारंगी देखि फिकौंली चोकसम्मको बाटो मोड सुधार तथा स्तरोन्ती वडा नं. ७, फेदी कुइकुण्डा सडक स्तरोन्ती वडा नं. १, सडकाट्रयाक नपुगेका क्षेत्रमा नयाँ ट्रयाक निर्माण लगायतका पुर्वाधार विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छ।
- विपन्न नागरिक स्वास्थ्य उपचार सहयोग, गरिवसगँ मेयर कार्यक्रम, छात्रासगँ उपमेयर कार्यक्रम, युवा लक्षित कार्यक्रम, खानेपानी याजना मर्मत सम्भार, सिचाई पैनीहरुको मुहान संरक्षण, ल्याण्डफिल्ड साइट व्यवस्थापन, संस्कृति प्रवर्द्धन कार्यक्रम, धार्मिक पूर्वाधार निर्माण,खेल मैदान निर्माण, खेलकेद प्रतियोगिता संचालन, लगायतका शिर्षकहरुमा आवश्यक बजेट विनियोजन गरेको छ।
- नदी नियन्त्रण, तारजाली खरिद,ह्मेपाइप खरिद, जस्तापाता खरिद, सुशासन प्रवर्द्धन,गरिवी न्यूनिकरण, फोहोरमैला तथा ढल व्यवस्थापन, विद्युत विस्तार कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ।
- आन्तरिक पर्यटन विकासलाई प्रवर्द्धन गर्न तथा कर्मचारीहरुमा उत्प्रेरण ल्याउनको लागि संघीय सरकारको आर्थिक वर्ष २०७८/०७९ को बजेट घोषित नीति तथा कार्यक्रम अनुसार यस नगरपालिका अन्तरर्गतका कर्मचारीहरुलनई रकम सहित पर्यटन काज उपलब्ध गराइनेछ।
- १ नं प्रदेशको आ.व. २०७८/०७९ को बजेट बक्तव्यमा उल्लेख भए वमोजिम लेटाङ नगरपालिका अन्तर्गतका कर्मचारीहरुको मनोवल, उत्पेरण अभिवृद्धि गर्न प्रोत्साहन स्वरुप सम्वत् २०७८ श्रावन १ गते देखि लागु हुने गरी प्रत्येक कर्मचारीहरुलाई कार्यालयमा उपस्थित भइ काम गरेको दिनको रु १०० का दरले खाजा खर्च प्रदान  गर्ने व्यवस्था मिलाइएको छ।
- आ.व.२०७८/०७९ को नगर स्तरिय तथा वडा स्तरिय बजेट तथा कार्यक्रमहरु अनुसुचीमा संलग्न गरेको छ।
- लेटाङ नगरपालिकाको विनियोजन विधयेक २०७८, आर्थिक विधयेक २०७८, संस्था दर्ता विधयेक २०७८, वन विधयेक २०७८, र न्यायिक समिति (कार्यविधि सम्वन्धी ऐन) २०७४ ( संशोधन सहित) लाई संशोधन गर्न बनेको विधेयेक २०७८, न्यायिक समितिको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन सम्मानित सभा समक्ष छलफल गरी पारित गर्नका लागि पेश गरेको छ।
- विगत चार वर्षको अवधिमा खडा गरिएको आर्थिक तथा सामाजिक विकासको जगमा टेकेर आगामी आर्थिक वर्षको बजेटले "लेटाङ नगर विकासको आधार, कृषि पर्यटन सहितको पूर्वाधार" भन्ने दिर्गकालिन सोच हासिल गर्न नयाँ उत्साहका साथ थप योगदान पुऱ्याउने अपेक्षा गरेको छु। कोरोनाको संक्रमणले सिर्जना गरेको यस संकटको घडीमा सम्पूर्ण नागरिक एकजुट भई सुखद भविष्य निर्माणका लागि उत्साहका साथ अघि बढ्न यस बजेटले प्ररित गर्ने विस्वास लिएको छ। सवै राजनितिक दल, जनप्रतिनिधि, कर्मचारी, संघ संस्था, निजि क्षेत्र तथा नागरिक समाजलाई यो उद्देश्य प्राप्ति तर्फ सहकार्यको लागि आह्न गर्दछ।

- प्रस्तुत बजेट तर्जुमा मार्गदर्शन गर्नहुने नगरप्रमुख, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु,नगरसभाका सदस्यज्यूहरु प्रति हार्दिक आभार व्यक्त गर्दछौ । बजेट तर्जूमाका क्रममा महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने राजनितिक दल, विभिन्न संघसंस्था,नीजि क्षेत्र, सहकारी क्षेत्र र नागरिक समाजका व्यक्तिहरु, सञ्चार जगतलाई हार्दिक धन्यवाद दिन चाहान्छु । बजेट निर्माणका संस्थागत संझनाका रुपमा सूचना उपलव्ध गराएर सहयोग गर्नुहुने कर्माचारी वर्गमा विशेष धन्यवाद दिन चाहन्छु । बजेट कार्यान्वयनमा सबैको पूर्ण सहयोग रहने अपेक्षा समेत गरेको छु ।
- अन्त्यमा, नगरभित्र र देश विदेशमा रहनुभएका सवै नगरबासी आमा, बुवा, दिदी बहिनी तथा दाजुभाइलाई कोभिड १९ को जोखिमबाट सुरक्षित रहदै समृद्ध र न्यायपूर्ण नगर निर्माणमा रचनात्मक योगदान गर्न आह्न गर्न चाहन्छु ।

# लेटाङ नगरपालिका
## प्रशासनिक खर्च

| सि. न. | विवरण | खर्च संकेत नं | आ.व.२०७६/०७७ को यथार्थ खर्च | आ.व.२०७७/०७८ को संशोधित अनुमान | आ.व.२०७८/०७९ को संशोधित अनुमान |
|---|---|---|---|---|---|
| १ | तलव | २११११ | १४४४२०५३ | १९०००००० | २०००००००० |
| २ | पोशाक भत्ता | २११२१ | ५२०००० | ७००००० | ७००००० |
| ३ | महंगि भत्ता | २११३२ | ७३२५७५ | १०००००० | १०००००० |
| ४ | प्रोत्साहन भत्ता(खाजा खर्च) | २११३५ | २१०१५० | २०००००० | ३०००००० |
| ५ | अन्य भत्ता | २११३९ | ० | ८००००० | ८००००० |
| ६ | पदाधिकारी बैंक भत्ता | २११४१ | १८००००० | २२००००० | २२००००० |
| ७ | पदाधिकारी अन्य सुविधा | २११४२ | ८७८१००० | ९८००००० | १०००००००० |
| ८ | कर्मचारी कल्याण कोष | २१२१४ | १०००००० | १०००००० | १५००००० |
| ९ | पानी तथा विजुली | २२१११ | ८७८२५६ | १५००००० | १५००००० |
| १० | संचार महसुल | २२११२ | ९१८३५७ | १५००००० | १५००००० |
| ११ | इन्धन (पदाधिकारी) | २२२११ | ९३५८९९ | १५००००० | १५००००० |
| १२ | इन्धन (कार्यालय प्रायोजन) | २२२१२ | ७७५००० | १०००००० | १०००००० |
| १३ | सवारी साधन मर्मत खर्च | २२२१३ | १८१०५५७ | २०००००० | २५००००० |
| १४ | विमा तथा नविकरण खर्च | २२२१४ | २०७८६३ | २५०००० | ३५०००० |
| १५ | मेसिनरी औजार मर्मत संम्भार तथा संचालन खर्च | २२२२१ | ५००००० | ६००००० | ८००००० |
| १६ | निर्मित सार्वजनिक सम्पतिहरुको मर्मत खर्च | २२२३१ | १०७९० | ५००००० | ६००००० |
| १७ | अन्य सम्पतिहरु मर्मत खर्च | २२२९१ | २९८३३८ | ६००००० | ७००००० |
| १८ | सशलन्द तथा कार्यालय सामाग्री खर्च | २२३११ | ३८६९६४१ | ४५००००० | ५५००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | पुस्तक तथा सामाग्री खर्च | २२३१३ | १९४५२ | ३००००० | ३००००० |
| २० | इन्धन तथा अन्य प्रायोजन खर्च | २२३१४ | ० | ४००००० | ४००००० |
| २१ | पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशन खर्च | २२३१५ | ६००००० | ८००००० | १०००००० |
| २२ | अन्य कार्यालय संचालन खर्च | २२३१९ | ७००००० | ८००००० | ८००००० |
| २३ | सेवा र परामर्श खर्च | २२४११ | २०००००० | २०००००० | ३०००००० |
| २४ | सूचना प्रणाली सफ्टवेयर संचालन खर्च | २२४१२ | ८२५०० | ० | २००००० |
| २५ | करार सेवा शुल्क | २२४१३ | १०४००००० | १०६००००० | १३३००००० |
| २६ | अन्य सेवा शुल्क | २२४१९ | २००००० | ५००००० | ७००००० |
| २७ | कर्मचारी तालिम खर्च | २२५११ | १००००० | ५००००० | ५००००० |
| २८ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठि सम्वन्धी खर्च | २२५१२ | ० | ० | १०००००० |
| २९ | कार्यक्रम खर्च | २२५२२ | ७३४३६८४ | २५००००० | २५००००० |
| ३० | अनुगमन मुल्यांकन खर्च | २२६११ | ११९१८०० | २७००००० | २५००००० |
| ३१ | भ्रमण खर्च | २२६१२ | ४५१५५० | ५००००० | १०००००० |
| ३२ | विविध खर्च | २२७११ | २०६४०६२ | २५००००० | ३२००००० |
| ३३ | सभा संचालन खर्च | २२७२१ | १०००००० | १०००००० | १०००००० |
| ३४ | उद्दार,राहत तथा पुनस्थापना खर्च | २७२१२ | ० | ० | ५००००० |
| ३५ | घर भाडा | २८१४२ | ११११००० | १६००००० | १६००००० |
| ३६ | अन्य भाडा | २८१४९ | ४४१५०० | १०००००० | १०००००० |
| ३७ | फिर्ता भाडा | २८२१९ | ८३३७०० | १०००००० | ६५००००० |
| ३८ | भैपरी आउने चालु खर्च | २८९११ | ० | १०००००० | २५००००० |
| जम्मा | | | ६६४२६७०० | ८०१५०००० | ९८६५०००० |

## आ.व. २०७८/०७९ को क्षेत्रगत बजेट

| सि.न | वजेटका क्षेत्र | कुल | बजेट प्रतिशत |
|---|---|---|---|
| १ | पुर्वाधार विकास | ४५७०७०००० | ५०.३० |
| २ | सामाजिक विकास | २८४३१२००० | ३१.२९ |
| ३ | आर्थिक विकास | २८६५०००० | ३.१५ |
| ४ | सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र | २८९९५००० | ३.१९ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक खर्च | १०९६००००० | १२.०६ |
| कुल जम्मा | | ९०८६२७००० | १००.०० |

| | | |
|---|---|---|
| चालु खर्च | ४२१५५७००० | ४६.४ |
| पूँजिगत खर्च | ४८७०७००००० | ५३.६ |
| | ९०८६२७००० | |

## शिक्षा विकास तर्फ योजनाहरु

### आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वजेट (शिक्षा) रु हजारमा

| क.स | शीर्षक | कार्यक्रम | परिमाण संख्या | जम्मा रकम ( रु हजारमा) |
|---|---|---|---|---|
| १ | नगर शिक्षा नीति र योजना निर्माण | योजना निर्माण | १ | ४००.० |
| २ | कक्षा १-५ र कक्षा ६-८ को स्थानीय पाठ्यक्रम निर्माण | पाठ्यक्रम निर्माण | १ | ५००.० |
| ३ | स्थानिय पाठ्यक्रमका लागि सन्दर्भ सामाग्री (कक्षा १-८) निर्माण र छपाइ | सामग्री प्रकाशन | १ | ५००.० |
| ४ | बालविकास केन्द्रहरुलाई सामाग्री व्यवस्थापन | सामग्री | ६ | १४०.० |
| ५ | विद्यालयहरुमा कम्प्यूटर तथा प्रिन्टर व्यवस्थापन | सामग्री | ६ | ५००.० |
| ६ | विद्यालयहरुमा आइसीटि  र सफ्टवेयर व्यवस्थापन सहयोग | सामग्री | ६ | ४००.० |
| ७ | कक्षा ८ को परीक्षा व्यवस्थापन | संचालन खर्च | १ | २००.० |
| ८ | प्र.अ सहितको नियमित समिक्षा बैठक व्यवस्थापन | संचालन खर्च | १ | १००.० |
| ९ | नगर स्तरिय राष्ट्रपति रनिङसिल्ड खेलकुद संचालन | संचालन खर्च | ४ | २००.० |
| १० | कक्षा ८ को परीक्षामा उत्कृष्ट विद्यार्थी पुरस्कार | पुरस्कार | ४ | २०.० |
| ११ | शिक्षा १० को परीक्षामा उत्कृष्ट विद्यार्थी पुरस्कार | पुरस्कार | १ | ४०.० |
| १२ | शिक्षकका लागि IMEIS संचालन क्षमाता अभिवृद्धि तालिम | तालिम कार्यक्रम | ४६ | १००.० |
| १३ | अभिभावक शिक्षा तालिम | तालिम कार्यक्रम | | २००.० |
| १४ | बालविकास केन्द्रमा सहयोगी कार्यकर्ताहरुका लागि बालमैत्री सिकाई तालिम | तालिम कार्यक्रम | | २००.० |
| १५ | विद्यालय सुधार योजना SIP निर्माण र कार्यान्वयनमा वि.व्य सको क्षमाता अभिवृद्धि तालिम | तालिम कार्यक्रम | | १००.० |
| १६ | आन्तरिक परीक्षा व्यवस्थापन तथा रिपोर्टिङका लागि अनुदान | अनुदान | ३० | ३००.० |
| १७ | विद्यालय भवन निर्माण मर्मत तथा घेराबारा | मर्मत | | ५००.० |
| १८ | विद्यालयहरुमा खानेपानी तथा शौचालय मर्मत, सुधार र प्रयोग | मर्मत | | २००.० |
| १९ | अनुगमनका लागि विद्यालयमा जडित सामाग्री र सफ्टवेयर प्रणलीको मर्मत सम्भार(system maintenance) | अनदान | | ५०.० |
| २० | इन्टरनेट जडान तथा संचालन | अनुगमन | | २००.० |
| २१ | शैक्षिक कार्यक्रम अनुगमन | | | १५०.० |
| जम्मा | | | | ५००० |

**कृषि विकास तर्फ**

**कार्यक्रम/परियोजना अनुसार बजेट कार्यक्रम**

**आ.व. २०७८/०७९ बजेट उपशिर्षक : कृषि (८०११३४०६३०३)**

**उप क्षेत्र : आर्थिक विकास**

| सि.न | कार्यक्रम/आयोजनाको नाम | कार्यान्वयन हुने समुह | लक्षित समुह | खर्च शिर्षक | लक्ष्य | इकाई | जम्मा रकम रु.हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **१.** | **१. कृषि प्रसार तथा तालिम सेवा कार्यक्रम** | | | | | | | |
| १.१ | कृषि प्रसार तथा तालिम सेवा कार्यक्रम (तालिम, दिवस, कृषि, मेला, विकास, नमुना समुह र नीजि फर्म निर्माण,उर्त्कष्ट कृषक समुह पुरुस्कार इत्यादि कार्यक्रम) | नगर क्षेत्र भित्र | कृषक वा समुह | २२५१२/ २२५२२ | ३ | चौमासिक | १९२०.०० | |
| **२** | **२. वागवानी विकास कार्यक्रम** | | | | | | | |
| २.१ | वाग्वानी विकास कार्यक्रम ( तरकारीको मिनिकिट,८५%तरकारीको वीउ,फलफुलको विरुवा वितरण,केरा,अलैची,सुपारी खेती विस्तार कार्यक्रम) | नगर क्षेत्र भित्र | कृषक वा समुह | २२५२२ | ३ | चौमासिक | २१००.०० | |
| **३** | **३. वाली विकास कार्यक्रम** | | | | | | | |
| ३.१ | वाली विकास कार्यक्रम ( अनसदानमा मकैको वीउ उत्पादन कार्यक्रम) | ले.न.पा क्षेत्र | कृषक वा समुह | २२५२२ | ३ | चौमासिक | १०५०.०० | |
| **४** | **४. कृषि व्यवसाय प्रबर्धन तथा कृषि यान्त्रिकरण उपकरण कार्यक्रम** | | | | | | | |
| ४.१ | ५०% अनुदानमा ( पावरटिलर,मिनिटिलर,प्लाष्टिक टनेल,ग्रीननेट,थोपा सिंचाई,इले स्पेयर,साना औजारहरु,मल्चिगं प्लाष्टिक र कम्बाइनमिल वितरण) | ले.न.पा क्षेत्र | कृषक वा समुह | २२५२२ | ३ | चौमासिक | २१३०.०० | |
| **५** | **५. बाली संरक्षण, मौरीपालन तथा च्याउ खेती कार्यक्रम** | | | | | | | |
| ५.१ | रसायनिक तथा प्रांगारिक विषादी,शुक्ष्म खाद्यतत्व, ५०% अनुदानमा कन्ये मौरी विकास कार्यक्रम) | ले.न.पा क्षेत्र | कृषक वा समुह | २२५२२ | ३ | चौमासिक | १२५०.०० | |
| **६** | **६. कृषि माटो परिक्षण तथा बाली संरक्षण प्रयोगशाला कार्यक्रम** | | | | | | | |
| ६.१ | प्रयोगशालामा आवश्यक सामाग्री खरिद | ले.न.पा क्षेत्र | कृषक वा समुह | २२५२२ | ३ | चौमासिक | १५०.०० | |
| **७** | **७. मेयर कृषि विकास कार्यक्रम** | | | | | | | |
| ७.१ | मागमा आधारित कार्यक्रम( कोभिड १९ का कारण विदेश बाट फर्केका यूवाहरुलाई कृषि पेसामा उत्प्रेरित कार्यक्रम) र खाद्य सुरक्षा टेवा पुऱ्याउने | ले.न.पा क्षेत्र | कृषक वा समुह | २२५२२ | ३ | चौमासिक | १०००.०० | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | वाली वस्तुको पकेट विकासका लागि आवश्यक सहयोग सामाग्री शत् प्रतिशत अनुदानमा वितरण | | | | | | | |
| ८ | कृषि सामाग्री ढुवानी तथा लोड अनलोड खर्च कार्यक्रम | ले.न.पा क्षेत्र | कृषक वा समुह | २२५२२ | ३ | चौमासिक | २००.०० | |
| ९ | कार्यक्रम कार्यान्यवन/दैनिक भ्रमण खर्च तथा अनुगमन निरिक्षण | ले.न.पा क्षेत्र | कृषक वा समुह | २२५२२ | ३ | चौमासिक | १००.०० | |
| १० | बैठक भत्ता खर्च | ले.न.पा क्षेत्र | कृषक वा समुह | २२५२२ | ३ | चौमासिक | १००.०० | |
| **कुल जम्मा** | | | | | | | **१००००** | |

## बृहत छलफल कार्यक्रम

मिति २०६९।०४।२१

आज मिति २०६९ साल साउन २१ गते बुधवारका दिन यस लेटाङ नगरपालिका का प्रमुख प्रशासकिय अधिकृत पुरुषोत्तम घिमिरे को अध्यक्षतामा लेटाङ नगरपालिकामा आ.व. ०६८।०६९मा सम्पन्न योजना तथा विकास सम्बन्धि कार्यको सामाजिक परिक्षणको सिलसिलामा लेटाङ नगरपालिका का शाखा-प्रमुख, सम्पूर्ण वडासचिव तथा स्वास्थ्य शाखाका प्रमुख संग विषय विज्ञ सहितको [illegible] तपसिलको उपस्थितिले देहायबमोजिमको विषयमा छलफल गरीयो

तपसिल

१ प्रमुख प्रशासकिय अधिकृत - श्री पुरुषोत्तम घिमिरे
२ विभागिय प्रमुख पु.सु. श्री नन्दुराम पोखरेल
३ उपप्राध्यापक पु. सु. इ.दे. श्री नविन भट्टराई
४ नक्सा विभाग - " " श्री नमु कोइराला
५ फिल्डविज्ञ पु. पु. श्री रोहित शर्मा
६ उपप्राध्यापक - पु सु श्री मदन थापा Madan
७. लेखा अधिकृत श्री श्री डिक बहादुर खोड्का
८. पशुसेवा शाखा प्रमुख श्री गणेश प्रसाद ओझा
९. योजना शाखा प्रमुख श्री कुलेन्द्र खनाल
१०. स्वास्थ्य शाखा प्रमुख श्री केशव रिजाल
११. प्रकोपार विकास शाखा प्रमुख वि.ई. श्री भानुभक्त राई
१२. शिक्षा शाखा प्रमुख उपसचिव श्री छत्रराज राई
१३. कृषि शाखा प्रमुख श्री श्याम श्रेष्ठ
१४. वडा सचिव - वडा नं. ४ - दीपिका कार्की
१५. राजस्व शाखा प्रमुख - निना पराजुली
१६. आ.स्वा.केन्द्र ले-२ कुधिरे- सुनमाया राई
१७. श्री. कमलकान्त गौतम - लेटाङ का.स्वा.के
१८. सामाजिक शाखा प्रमुख श्री मिन लाल पोखरेल
१९. आ.स्वा. के. ले-३, जोगि श्री सिलवा लेवा
२० आ. स्वा. के. ले. ५ खेसत्वाङ २ - रञ्जना वराल
२१ आ. स्वा. के. ले - ४ - श्री सौगाता विश्वकर्मा
२२ उद्योग विकास शाखा ले.न.पा. - सुलोचना तामाङ
२३ रोजगार शाखा ले.न.पा. - दिपक घिमिरे
२४. राजेश खनाल ले.न.पा. कम्प्युटर अपरेटर

देवीमाया वस्नेत म.वि.नि.

२४. रमेश सुनाल वडा सचिव – ६

२५. सुदिप पौडेल वडा सचिव – २

२६. संजय राई MIS Operator

२७. मनोज सुवेदी आ.लि.पं.अ.

२८. किशोर कु. ठाकुर अ.हे.व.

३०. टिकामाया खड्का अ.न.मी.

३१. डिक बहादुर थापा

३२. प्रेम कुमार विश्वकर्मा वडासचिव वडा नं. ३

३३ डेग प्रसाद वाहाल ४ नं. वडा सचिव

३४ रुपेश कुमार विश्वकर्मा ८ वडा सचिव

३५. धनमान तामाङ वडासचिव – ७

३६ वीरमान तामाङ ६ नं वडा सचिव ९८४३४३८५०९

३७. हेम चन्द्र तिरौला का.सु., लेखा र.प्र.

३८ फूल माया नेपाली

३९ मञ्जु तामाङ कृषि प्राविधिक

४० का.प्र.प्रमुख रेडियो कुसेली बाबुराम निरौला

४१ व्यवस्थापक " एकानन्द ढुंगाना

४२ समाचार वाचक " विपुल सुवेदी

४३ कार्यप्रतिनिधि " गणेश मिश्र

निर्णय उपरोक्त उपस्थितिले नगरपालिका मा भएका विकास योजना का गतिविधि बापत शाखा प्रमुख हरुको शाखाको वडासचिव हरुबाट वडा र स्वास्थ्य शाखा ले स्वास्थ्य सम्बन्धि प्रगति प्रस्तुत गरी प्रस्तुत प्रतिवेदन माथि व्यापक छलफल गरी बैठक सम्पन्न गरियो।

आज मिति २०६४।६।१६ गते का दिन लेखनाथ नगरपालिकाको आ०व० ०६८।०६९ को सामाजिक परीक्षण को वडा नं ६ का वडा अध्यक्ष तेज प्रसाद तिम्सिना को अध्यक्षतामा वडाको सम्पन्न आयोजना सामाजिक परीक्षण हलको तथा योजना स्कोज कार्यक्रम को उपस्थिति

१ श्री तेज प्रसाद तिम्सीना वडा अध्यक्ष
२ श्री प्रदिप पौडेल वडा सचिव
३ श्री अमेशा श्रेष्ठ प्राविधिक
४ श्री नारायण तिवारी सहजकर्ता
५ रुद्र श्रेष्ठ —
६ निशा नेपाल स.क.अ —
७ तिलक उप्रेती वडा सदस्य —
८ चन्द्र माया लिम्बु म.स. —
९ पार्वती पहराई
१० गणेश थिङ
११ निर्मला अधिकारी
१२ शकुन्तला गिरी Shakuntala
१३ सनम थापागाई
१४ इशारा मगर इशारा
१५ विमला थापा विमला
१६ जोनिसा कट्वाल जोनिसा
१७ केशरी कट्वाल केशरी
१८ राम कटुवाल राम

प्रस्ताव हरु (१) कूल बजेट खर्च गर्ने सम्बन्धमा
(२) कूल योजना संख्या सम्बन्धमा
(३) समग्र वडाबासीमा आएको परिवर्तन सम्बन्धमा
(४) मुख्य लगानी सम्बन्धमा
(५) मुख्य उपलब्धी सम्बन्धमा

निर्णय हरु

प्रस्ताव नं १ माथी छलफल गर्दा स्थानीय तहबाट १ करोड ८० लाख तैयार भाग बाट ७५ लाख संघबाट ४५ लाख गरी कूल ३ करोड पचास लाख रोपिए भाग ... ३८ लाख अजय लाख

यातायात २ हुलाक योजना सडक # पक्की सडक ३ (नगरपालिका)
सडक संचालन २ वटा अन्तरिक बजार क्षेत्र महत्वपूर्ण सडक
सदरमुकाम जोडिने यसको धेरै कृषि उत्पादन को बजारीकरण
(दैनिक उपभोग्य वस्तुहरु ढुवानी सहजता हुन पुगेको)

६ वटा कच्ची सडक: अन्तरिक उत्पादन बजारीकरण लगायतमा
सहजता

के परिवर्तन आयो ?

बालबालिका को पठनपाठन मा सडक मार्फत जान सहज बढ्न
स्थापित भएको।

भवन संरचना ४ वटा स्वास्थ्य भवन, माध्यमिक भवन बाल
विकास केन्द्र, प्राथमिक माध्यमिक भवन

स्वास्थ्य उपचार सहजता, शिक्षा शिक्षक विद्यालय पुर्ण
अभियानमा सहजता

# विद्युत विस्तार २ जिल्लाभित्र उज्यालो पालिका, शिक्षा
( उत्पादन मा सहजता भएको

# टेलिफोन ३ स्थानमा सम्पर्क स्रोतको आवश्यकता पर्यो

सिंचाइ → मुहान संरक्षण ३ वटा (कुलो सिंचाइ)
दैनिक नहर सिंचाइ आयोजना उत्पादन मा वृद्धि

# बाटो २ वटा: सहज यातायात मा पहुँच अभियान

# कृषि बेमौसमी खेती तालिम ४२ जना लाभान्वित भएको
२८ जना ले तरकारीमा व्यावसायिक उत्पादन गरेका
दुध उत्पादनमा काम भएको।
बाली विउ वितरण

पशु पशु स्वास्थ्य शिविर 60 घर परिवार का पशुलाभान्वित
स्वास्थ्य ४० विभिन्न परिवारलाई स्वास्थ्य शिविर
शिक्षा ५२ जना अति विपन्न छात्र छात्रा
विपन्न परिवार आर्थिक सहायता

प्रस्ताव नं ३ माथि छलफल गर्दा सबै पन्चा बाट लगाइ
सहमतमा पार्‍यो।
निर्णय विना सडक स्थानीय शिवालय गोर्ष सबै वाडू
को उपरोक्त सेवा दिने व्यक्तिले पर्खाल सडक मर्मत
तयार नपर सम्म अर्थ जिम्मा पोखरा पालिका पारित गरियो

प्रस्ताव नं ४ मा छलफल गर्दा ग्राम सडक। ईषापानी
प्रति ग्राम उपलब्ध होस्।

सबै अनिवार्य होस् ८ वटा नागरिको लिए बोर्ड लगायत

आज मिति २०६९ कार्तिक १५ गते मंगलवार दिन लेटाङ नगरपालिकाको आ.व. ०६८/०६९ को सामाजिक परिचालकको वडा नं. ४ का वडा अध्यक्ष श्री रामकुमार श्रेष्ठज्यू अध्यक्षतामा बसेको सम्पन्न भएको सामाजिक परिचालन हलचल तथा योजना खोज कार्यक्रमको उपस्थिति

तपसिल

१ श्री राम कुमार श्रेष्ठ वडा अध्यक्ष
२ श्री सार्मिला भट्टराई वडा सचिव
३ श्री पवित्रा राई वि.३.अ.
४ श्री बाबुराम निरौला
५ श्री गणेश मिश्र
६ श्री दिक्षा अधिकारी
७ श्री जानुका निरौला

प्रस्तावहरु

१. प्रस्ताव नं १ पूर्वाधार संरचना
२. शिक्षाको अवस्था संरचना
३. स्वास्थ्यको संरचना
४. सामाजिक विकास संरचना

पूर्वाधार :-

→ बाटाहरू प्रायः पिच भएका छन र ग्राभेल भएका
→ व्यापारिक रूपमा नभए पनि सौन्दर्यको रूपमा राम्रो भएको
→ ~~बाटा~~ नि छन निकास सहितको बाटो निर्माण भएका। लेराङको छवि बजार सम्पन्न भएको छ। जसबाट कलेराङको एउटा मात्र बजार भएकोले सबैलाई सुविधा भएको छ।

शिक्षा

→ प्राविधिक धार सहितको शान्ती भगवती मा.वि. छ।
→ सत प्रतिशत बच्चा स्कूलको पहुँचमा।
→ बाल मैत्री, अपाङ मैत्री, महिला मैत्री शौचालय भएको
→

स्वास्थ्य

→ आधारभूत स्वास्थ्य केन्द्र भएको
→ आरोग्य केन्द्र रहेको।
→ होम डेलिभरीको अवस्था नरहेको।
→ मातृ र शिशु मृत्युदर नरहेको।
→ शुद्ध पिउने पानी रहेको।
→ शौचालय रहेको छ। प्रत्येक घरमा।
→ .

सुचनाको हक।

→ सुचनाको हकको सुनिश्चितता भएको।
→ सुचना, नागरिक वडा पत्र, उजुरी पेटिका सुझाव पेटिका भएको
→ प्रत्येक घरमा डस्बिनको व्यवस्था भएको

सुरक्षा

→ इलाका प्रहरी कार्यालय, विभिन्न संस्थाहरु भएको वडा।
→

→ बजारिकरण व्यवस्थापनको लागी → नाइट मार्केट, बच्चाहरूको लागी पार्क, बाटाका दुवैतिर फूल रोपेर सुन्दर सहरको परिकल्पना।

→ ग्रिन हाउस।
→ घर-घरमा प्रेस चेक गर्ने साधन वितरणको योजना
→ औद्योगिक ग्रामको परिकल्पना।
→ CC क्यामराको सोच।

आज मिति २०७८ कार्तिक १५ गते मंगलवारका दिन यस लेटाङ नगरपालिका आ.व. ०७८/०७९को सामाजिक परिक्षणको सिलसिलामा वडा नं ५ वडा सचिव श्री डेग प्रसाद दाहाल ज्यूको अध्यक्षतामा वडाको ०७८/०७९को सम्पन्न योजना को सामाजिक परिक्षणको छलफल तथा योजना खोज कार्यक्रम को उपस्थिती।

तपसिल

१. वडा सचिव - श्री डेग प्रसाद दाहाल
२. सा.का.अ. - श्री कोपी माया राई
३. कम्यु अधिकारी इन्द्र ब० थोपाने 9862064171
४. उर्मिला राई बुधे मगर
५. हरि गिरी
६. नीरु कुमारी बुर्केटी
७. भरत बराल
८. तारा सुस्मा राई
९. अर्जुन नेपाल - लेटाङ-५- 9852674569
१०. श्री बाबुराम निरौला
११. श्री गणेश मिश्र
१२. श्री दिशा अधिकारी

प्रस्तावहरु

१. स्वोधार संरक्षण
२. शिक्षाको अवस्था संरक्षण
३. स्वास्थ्यको संरक्षण
४. सामाजिक विकास संरक्षण

प्रवेश्या (?)

→ १ किलोमिटर पिच
→ केही भाग बाहेक वडा कार्यालय सवारीमा आधा घण्टामा आउ सकिन्छ।
→ तिन वटा पिच बाटो र अन्य गोरेटो बाटो मार्फत वडाको कार्य मा बाधा नपरेको
→ उजुरी पेटिका, सुचना पाटी वडा पत्र भएको।
→ त्रिवेणी मार्ग स्तरोन्नती गत वार यस वर्ष सम्म निरन्तर गर्ने।

## शिक्षा

→ तिन वटा सामुदायिक विद्यालय जस मध्ये १ वटा
→ माध्यमिक विद्यालय (शिक्षा विकास माध्यमिक विद्यालय)
→ तिन वटैमा इन्टरनेट सुविधा भएको।
→ बालमैत्री महिला मैत्री शौचालय भएको।
→ स्वच्छ पिउने पानीको व्यवस्था भएको।
→ शिक्षा बाट बालबालिका वञ्चित नभएको।

## स्वास्थ्य

→ आधारभुत स्वास्थ्य संस्था भएको।
→ घर डेलिभरी न्युनिकरण भएको।
→ मातृ मृत्युदर र शिशु मृत्युदर नभएको।

→ जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्ता, बसाइ सराइ अनलाइन मार्फत समयमै गराउन गरेको

→ सुचनाको हक सबैमा पुऱ्याउने कोसिस जारी रहेको।

## पर्यटकिय क्षेत्र

→ सुरे टार पर्यटकिय क्षेत्र विस्तार गर्दै गरेको।
→ गोर कुप इनार र विभिन्न इनार पर्यटकिय क्षेत्रमा विस्तार।

## कृषि

→ फलफूल खेती, तरकारी
→ ३५ ४० वटा जति कृषि फारम दर्ता दिन।
→ आधुनिक र अर्गानिकमा बढी जोड दिएको।
→ कुखुरा र बंगुर फारम दर्ता गरी व्यवसायीक बढ्दै गएको
→ बिउ बिजन ~~वितर~~ वितरण गर्ने कार्यक्रम

## सामाजिक

→ रनररको सिसि बनाउन तालिम
→ जेष्ठ नागरिक सम्मान कार्यक्रम।
→ ~~४८~~ घर विपन्न परिवारलाई स्वास्थ्य बिमा कार्यक्रम
→ ड्राइभिङ तालिम संचालन
→ खेलकुद कार्यक्रम
→ महिला जनता विकासका लागि सिलाइकटाइ तह ३ महिने
- मर्ने गर्नाले २४ जना दक्ष हुन गएको

आज मिति २०६४ कार्तिक १५ गते मंगलबारका दिन यस लेटाङ नगरपालिकाको आ.व. ०६८/०६९ को सामाजिक परिक्षण को सिलसिलामा वडा नं. ८ को वडा अध्यक्ष श्री भिम प्रसाद [पोखेल] आचार्य ज्यूको अध्यक्षतामा वडाको ०६८/०६९ को सम्पन्न योजना (सामाजिक, आर्थिक र भौतिक) को सामाजिक परिक्षण तथा योजनाको खोज हलचल कार्यक्रमको उपस्थिति।

तपसिल

१. श्री भिम प्रसाद पोखेल - वडा अध्यक्ष
२. श्री रुद्र कुमार विश्वकर्मा - वडा सचिव
३. श्री बाबुराम निरौला
४. श्री गणेश मिश्र
५. श्री जानुका निरौला
६. श्री दिक्षा अधिकारी दिक्षा।

प्रस्तावहरु

→ शिक्षाको अवस्थाको समस्या।
→ स्वास्थ्यको समस्या।
→ सामाजिक विकास समस्या।
→ पूर्वाधारको समस्या।

## शिक्षा

→ ३ वटा आधारभूत, दुर्गा आधारभूत, गणेश आधारभूत र सरस्वती आधारभूत।
→ मोति मा.वि.
→ इन्टरनेटको सुविधा भएको
→ स्वच्छ पिउने पानीको व्यवस्था भएको।
→ मोति मा.वि.मा बालि, अपाङ्ग र महिला मैत्री शौचालय।
→ सबै बालबालिका विद्यालयको पहुँचमा रहेको अवस्था
→ बाल बालिकालाई विद्यालयसम्म पुग्न आधा घण्टा भन्दा बढी नलाग्ने।
→ ०६८/०६९ मा ९ लाख शिक्षामा खर्च गरेको।

## स्वास्थ्य

→ ८४ जना घरलाई निशुल्क स्वास्थ्य बिमा कार्यक्रम
→ स्वास्थ्य चौकी र शहरी स्वास्थ्य क्लिनिक २४ घण्टा सेवा प्रदान
→ बालिका शिक्षा बचत कार्यक्रम चलाएको ~~हुनु पर्ने~~ ले खोपको मात्रा पूरा गरेको।
→ ९५% महिला अस्पतालमा डेलिभरी गर्ने गराउने।
→ सबैले महिलाले अस्पतालमै डेलीभरी गराएमा अस्पताल सम्म ल्याउने एम्बुलेन्स सेवा निशुल्क गरीएको र प्रोत्साहन गरेको।
→ मातृ मृत्यु दर तथा शिशु मृत्यु दर शुन्य रहेको।
→ ०६८/०६९ मा स्वास्थ्यमा १०२६४०० खर्च गरेको।

## सामाजिक

→ उद्घोष तालिम, गुडिया नाउने, क्रमिया नाउने ६ लाख
→ ~~बिलिक्लब मार्फत~~ विद्यालय मार्फत बालक्लब कार्यक्रम गर्ने गरेको।
→ युवा क्लबको खेलकुदको कार्यक्रम गर्ने गरेको।

## पर्यटकिय क्षेत्र


→ झरना (कोलुङ) झोलुङ्गे पुल, (तिनीखोला), किरात राई संग्रालय भ्यु टावर पिकनिक स्पोर्ट
→ १०० भन्दा कृषि फारम, आधुनिक र अर्गानिक खेती
→ जन्म दर्ता, ~~मृत्यु दर्ता~~ विवाह दर्ता, मृत्यु दर्ता समयमै हुने गरेको

→ प्रत्येक वर्ष स्नेल तथा विभिन्न प्रविधी वितरण कार्यक्रम गर्ने गरेको।


नेपाल सरकार
लेटाङ नगरपालिका
स्थाः २०७३
९नं. वडा कार्यालय
मोरङ


नन्द प्रसाद खतिवडा
(वडा अध्यक्ष)




Jangabir Tamang








JCB
JCB


JCB


राष्ट्रिय खोप-तालिका
Samsung Quad Camera
Shot with my Galaxy F22mo



लेटाङ नगरपालिका
लेटाङ नगरपालिका
आधारभूत स्वास्थ्य केन्द्र



Samsung Quad Camera
Shot with my Galaxy F22mo


Samsung Quad Camera
Shot with my Galaxy F22mo


Samsung Quad Camera
Shot with my Galaxy F22mo


Samsung Quad Camera
Shot with my Galaxy F22mo


Samsung Quad Camera
Shot with my Galaxy F22mo


Samsung Quad Camera
Shot with my Galaxy F22mo


Samsung Quad Camera
Shot with my Galaxy F22mo


Samsung Quad Camera
Shot with my Galaxy F22mo


Samsung Quad Camera
Shot with my Galaxy F22mo